# प्रभाव दैनिक
National Daily


पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५२ | काठमाडौं | मंगलबार, २३ पुस २०८१ | Prabhab National Daily | Tuesday, January 07, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## ओलीविरुद्ध एमालेमा 'मौन विद्रोह'

- सोमबार पार्टी छाडेका ४६ जनाले न त ओलीको विरोध गरे न त आइतबार पार्टी छाडेका सर्वेन्द्र खनालले
- पूर्वउपाध्यक्ष भीम रावल, स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिम्सेनालाई गरिएको कारबाहीमा पनि नेताहरु मौन देखिन्छन्



■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमालेको जारी केन्द्रीय समिति बैठकमा घनिभूत छलफल भइरहेकोमध्येको एउटा एजेन्डा हो- पार्टी संगठन सुदृढीकरण गर्ने र जनतासँग जोडिने । यही एजेन्डामा ललितपुरको च्यासलमा छलफल गर्दैगर्दा पश्चिम कैलालीमा भने सोमबार एकैसाथ ४६ जनाले एमाले त्यागेका छन् ।

पार्टीमा अपमानित र अपहेलित हुनुपरेकाले पार्टी छाडेको उनीहरूको राजीनामापत्रमा उल्लेख छ । 'यहाँभित्र एमाले भएर बस्दा पनि हामीले पटक-पटक अपमानित हुनुपर्ने, राजनीतिको रूपमा पूर्वमाओवादी भनेर अपहेलित हुनुपर्ने, मूल नेतृत्वकै विरुद्ध तलैसम्म गुटबन्दी गर्ने परम्पराभित्र अब बस्न सकिन्न भन्ने निष्कर्षमा हामी पुगेकै हौं,' सामूहिक राजीनामापत्रमा भनिएको छ ।

आइतबार एमाले केन्द्रीय समिति बैठक सुरू हुनुभन्दा चारघण्टा अघि सर्वेन्द्र खनालले एमाले छाडेका थिए । '...म अहिले कुनै पनि राजनीतिक पार्टीसँग आबद्ध छैन,' सामाजिक सञ्जालमा

> 'पार्टीमा नेतृत्वविरूद्ध सही कुरा पनि उठाउन नपाइने अवस्था पहिले पनि थियो । अहिले त भटाभट कारबाही गर्न थालियो । यो भनेको आफूविरूद्धको आवाज बन्द गर्नु हो ।'

खनालले लेखेका छन् । २०७९ को निर्वाचनमा काठमाडौं-६ बाट र उपनिर्वाचनमा तनहुँ-१ मा खनाल एमालेबाट उम्मेदवार बने । पूर्वमहानिरीक्षक खनाल पदावधि सकिएपछि एमाले राजनीतिमा सक्रिय भएका थिए । दुईपटक निर्वाचनमा अवसर पाए पनि जित भने हासिल गर्न सकेनन् ।

यसअघि २०८० को जेठ अन्तिम साता मणि थापाले पनि एमालेबाट 'बिदा' लिएका थिए । पार्टी र नेतृत्वको आलोचना नगरी थापा र खनालले पार्टी छाडे । सोमबार पार्टी छाडेका ४६ जनाले पनि ओलीप्रति आक्रोश पोखेनन् ।

राजनीतिशास्त्री प्राध्यापक कृष्ण पोखरेल यसलाई नेतृत्वप्रति 'मौन विद्रोह' भन्छन् । उनका अनुसार पार्टी र नेतृत्वले लिएको कतिपय कदमप्रति असन्तुष्टहरूमध्ये केही मौन बस्दै असहमति प्रकट गरिरहेका छन् । केहीले खुलेर विरोध गरेका छन् । त्यसरी विरोध गर्नेमा पूर्वउपाध्यक्ष भीम रावल, स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिम्सेना हुन् । रावललाई पार्टीबाट हटाइएको छ । पाण्डे र तिम्सेना छ महिनासम्म निलम्बन परेका छन् ।

पार्टीको ठूलो पंक्ति भने पार्टी अध्यक्ष ओलीले चालेको कदमप्रति प्रश्नै उठाउँदैनन् । उनीहरू पार्टीको 'सेफ जोन'मा देखिएका छन् । तर, केहीले असन्तुष्ट हुँदै चुपचाप पार्टी छाड्ने गरेको देखिएको छ । केही भने पार्टीले गर्ने कारबाहीलाई बेवास्ता गर्दै प्रश्न उठाउने गरेका छन् । यस्तो प्रवृत्ति एमालेमा हाबी भएको देखिएको छ ।

उसो त यसअघि २९ र ३० मंसिरमा अध्यक्ष ओलीले स्थानीय तहमा पार्टी कामका समस्या र समाधान विषयक कार्यशाला गोष्ठीमा प्रस्तुत राजनीतिक प्रतिवेदनले उनी स्टालिनपथमा हिँडेको झल्को दिन्छ ।

क्रमशः पृष्ठ २ मा

## मन्त्रीको मान्छे भर्ती नगर्दा निशानामा कुलमान

- प्राधिकरणका विभिन्न कार्यालयमा आफ्नो मान्छे राख्न ऊर्जामन्त्री दीपक खड्काले अनेक प्रयास गरे पनि सफल नभएपछि उनको निशानामा कुलमान ।
- आफ्नो लागि प्राधिकरणमै बेग्लै अफिस बनाउँदा त्यहीँका कांग्रेसी कर्मचारीले साथ नदिएपछि खड्का जिल्लिएका थिए । ट्रेड युनियन कांग्रेसले मन्त्री खड्काले बनाएको चेम्बर उद्घाटन गर्दा बहिस्कार गरेको थियो ।
- उनै खड्काले डेडिकेटेड, ट्रंकलाइन शुल्क विवाद निकाल्नुका साथै कुलमानमाथि कारबाही गर्न आयोगसमेत गठन गरे । तर पनि 'नोट अफ डिसेन्ट' लेख्दै कुलमानले आफूमाथि कारबाही गरेर देखाउन चुनौती दिएका थिए ।



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जामन्त्री दीपक खड्काले आफू ऊर्जा मन्त्रालयमा आउनासाथ नेपाल विद्युत् प्राधिकरणमा पहिलो आँखा लगाएका थिए । खड्काको पहिलो तार्गेट थियो, आफ्ना निकटस्थहरूलाई 'मालदार साइट अफिस'मा भर्ती गराउने ।

उज्यालो नेपालको नायकका रूपमा कामबाटै चिनिएका प्रबन्ध निर्देशक कुलमान घिसिङले खड्काको तार्गेट पूरा हुने दिएनन् । जसकारण आफूलाई कुलमानले नटेरेको भन्दै मन्त्री खड्काले विद्युत् प्राधिकरणमा अनेक तिकडम गर्न थाले ।

यसको पछिल्लो 'एक्सन' हो- नौ बुँदे स्पष्टीकरण पत्र । कहिले कामै नगर्ने कर्मचारीलाई कुलमानको विरोध गर्न लगाउने त कहिले धुलिखेलमा भद्रगोल गरेपछि जगेडामा तानिएका गोइत थरका कर्मचारीलाई वीरगञ्जमा पठाउन भन्दै निर्देशन दिएर । मन्त्रीको सबै निर्देशनको कुलमानले वास्तै गरेनन् । कुलमानलाई प्राधिकरणका कर्मचारीको बलियो साथ थियो ।

यसरी नै कुलमान अडिग रहेपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले पटक-पटक कुलमानलाई निशाना बनाउन थालेको हो । कुलमानलाई हटाउने एक सुत्रीय निर्देशन दिएर ओलीले खड्कालाई मन्त्री बनाएको बताइएको छ । 'नभए छ महिनामा मन्त्रीले अरु काम पनि गर्नुपर्ने हो । तर अहिलेका ऊर्जामन्त्रीको काम भनेकै कुलमानलाई कसरी हटाउने भन्नेमात्र देखियो,' विद्युत् प्राधिकरणका एक कर्मचारीले भने, 'अरु केही काम देखिएको छैन ।'

प्राधिकरणका विभिन्न कार्यालयमा आफ्नो मान्छे राख्न खड्काले अनेक प्रयास गरेका पनि हुन् । 'यतिबेलासम्म कम्युनिस्टले प्राधिकरण चलाए, अब कांग्रेसका मानिस राख्नुपर्छ,' मन्त्री खड्का बेलाबेला प्राधिकरण पुग्दा यसै भन्थे ।

क्रमशः पृष्ठ २ मा

### जवाफ नदिने मुडमा कुलमान

नेपाल विद्युत् प्राधिकरणलाई जोगाउन र अहिलेसम्मको उपलब्धिलाई जोगाउन आफू कार्यकालभर पदमै बस्ने कुलमान घिसिङको मनसाय देखिएको कर्मचारीहरू बताउँछन् । 'कुलमान फस्टम्यान भएर काम गर्ने मानिस हुन् । कुशल व्यवस्थापक पनि हुन्,' प्राधिकरणका एक कर्मचारीले भने, 'यही इमानदारिताका कारण अहिलेसम्म टिकिरहेका छन् । नभए मन्त्रीले आउनासाथ पहिल्यै हटाइसक्थे ।'

आफूले भनेको नटेरेको र आफूनिकटको कर्मचारी नराखेको भन्दै ऊर्जामन्त्री दीपक खड्का बूढानीलकण्ठसमेत पटक-पटक धाएका थिए । बूढानीलकण्ठस्थित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवास धाउँदा पनि खड्काले कुलमान हटाउन कुनै संकेत नपाएपछि प्रधानमन्त्री केपी शर्मा ओलीलाई यसबारे 'ब्रिफिङ' गरेका थिए ।

बालुवाटार पुगेर ब्रिफिङ गर्दा ओलीले प्रक्रिया नपुऱ्याई काम नगर्न भन्दै मन्त्री खड्कालाई हप्काएको चर्चासमेत प्रधानमन्त्री कार्यालयमा चल्न थालेको छ । मन्त्रालयको यो स्पष्टीकरणको कुनै पनि हालतमा जवाफ नफर्काउने अडानमा कुलमान रहेको मन्त्रालयका कर्मचारीहरू बताउँछन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

### कोरिया जाने पर्खाइमा रहेकाहरूको पीडा

## दुई वर्ष खेर गयो, सान्त्वना कहिलेसम्म ?

■ ममता थापा

**काठमाडौं–** मिलन राई (२२) दुई वर्षदेखि रोजगारीका लागि दक्षिण कोरिया जाने तयारीमा छन् । खोटाङका उनी रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जानकै लागि काठमाडौं आएको बताउँछन् । यहीँ कोरियन भाषा पढेर शिप बिल्डिङ (पानीजहाज निर्माण) तर्फको कोरियन भाषा परीक्षामा नाम निकाल्न सफल भए ।

सन् २०२२/२३ को भाषा परीक्षामा उत्तीर्ण भएका उनी दुई वर्ष बित्दासम्म कोरिया नपाएकामा निराश देखिन्थे । सोमबार वैदेशिक रोजगार विभागको इपिएस कोरिया शाखा ग्वार्कोमा धर्ना दिन पुगेकाहरूमाझ भेटिएका उनले अब भने आश मर्न थालेको गुनासो गरे । 'कोठा भाडा लिएर कोरियाकै प्रक्रियामा लाग्दालाग्दा दुई वर्ष बितिसक्यो । अब त आशै लाग्न छाडयो,' मिलनले दुखेसो पोखे ।

भाषा परीक्षामा उत्तीर्ण भएका मिलनजस्ता धेरै युवा कोरियास्थित कम्पनीको छनोट सूचीमा आफ्नो नाम पर्ने प्रतीक्षामा छन् । एचआरडी कोरियाले लिने भाषा परीक्षामा उत्तीर्ण भएका कामदारको स्किल टेस्ट र कम्पेटेन्सी टेस्ट लिइन्छ । ती दुवैमा सफल भएकाहरू रोजगारीका लागि जान योग्य उम्मेदवारको सूचीमा समेटिन्छन् ।




यद्यपि, सूचीमा पर्नासाथ कोरिया जान पाउँछन् भन्ने हुँदैन । कोरियास्थित कम्पनीहरूले उक्त सूचीबाट छनोट गरेकाको मात्र रोजगार सुनिश्चित हुन्छ ।

शिप बिल्डिङ क्षेत्रका लागि दुई हजार ५०० को हाराहारीमा माग आएकोमा तीन हजार ९८९ जना परीक्षामा उत्तीर्ण भएका थिए । जसमध्येबाट करिब ३०० जनामात्र कोरिया गएको तथ्यांक छ । भाषा परीक्षा उत्तीर्ण गरेर पनि दुई वर्षसम्म जान नपाएकाहरू इपिएस कोरिया शाखालाई दबाब दिन सोमबार शाखाको कार्यालयमा धर्ना बस्न पुगेका हुन् । उनीहरू 'सान्त्वना कहिलेसम्म ?,' 'हाम्रो लागि नबोल्ने भए कार्यालय किन ?,' 'पाँचौं पटकसम्म कार्यालय आउँदा इपिएस प्रमुख किन मौन ?' लगायत प्रश्न लेखिएका प्लेकार्डसहित धर्नामा सहभागी भएका थिए ।

धर्नामै भेटिएका राजकुमार अछामीको पनि पीडा उस्तै छ । उनले सन् २०२२ मै कृषि तथा पशुपालन क्षेत्रतर्फको भाषा परीक्षा उत्तीर्ण गरेका थिए । उक्त क्षेत्रमा धेरै कामदारको माग आएकाले दुई सिफ्टमा परीक्षा गरिएको थियो । त्यतिबेला ११ हजार ९१६ जना उत्तीर्ण भएमध्येमा पर्छन् राजकुमार । जसमध्ये हालसम्म दुई हजार ७९३ जनामात्रै कोरिया गएको कोरिया शाखाको तथ्यांक छ ।

क्रमशः पृष्ठ २ मा

### 'समस्या कोरियाबाटै भएको हो'

कोरियन भाषा परीक्षा उत्तीर्ण गरेर पनि दक्षिण कोरिया जान नपाउने समस्यामा आफूहरू जिम्मेवार नरहेको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अधिकारीहरू बताउँछन् । 'कामदार छान्ने अधिकार हामीसँग हुँदैन । कोरियाबाटै छनोट हुने हो,' कोरिया शाखाका शाखा अधिकृत कमलराज श्रेष्ठ भन्छन् । भाषा परीक्षा उत्तीर्ण हुँदैमा कोरिया जान पाइन्छ भनेर ढुक्क नहुन शाखाको अनुरोध छ ।

मागभन्दा बढी उत्तीर्ण गराएर दुई वर्षसम्म झुलाएर राख्दा जान नपाउनेहरूको समय यसै खेर जाने देखिन्छ । त्यसैले भाषा परीक्षा उत्तीर्ण गरेपछि कोरिया जान पाउने सुनिश्चित हुनुपर्ने पीडितहरूको माग छ । तर, दुई देशका सरकारबीच भएको समझदारीमा यही प्रावधान रहेको शाखा अधिकृत श्रेष्ठले बताए । 'यसमा संशोधन गर्न दुई चोटि पत्राचार भइसकेको छ । तर उताबाट कुनै प्रतिक्रिया आएको छैन,' उनले भने ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## मन्त्रीको मान्छे...

तर आफ्नो लागि प्राधिकरणमै बेग्लै अफिस बनाउँदा त्यहीका कांग्रेसी कर्मचारीले साथ नदिएपछि खड्का जिल्लिएका थिए । ट्रेड युनियन कांग्रेसले मन्त्री खड्काले बनाएको चेम्बर उद्घाटन गर्दा बहिस्कार गरेको थियो ।

उनै खड्काले डेडिकेडेट, ट्रंकलाइन शुल्क विवाद निकाल्नुका साथै कुलमानमाथि कारबाही गर्न आयोगसमेत गठन गरे । तर पनि 'नोट अफ डिसेन्ट' लेख्दै कुलमानले आफूमाथि कारबाही गरेर देखाउन चुनौती दिए । त्यसपछि क्रुद्ध बनेका ऊर्जामन्त्री खड्काले सोमबार नौ बुँदे स्पष्टीकरण सोधेका हुन् । मन्त्रालयका सचिव सुरेश आचार्यमार्फत सोधिएको स्पष्टीकरणको सात दिनभित्र जवाफ दिनसमेत मन्त्रालयले निर्देशन दिएको छ ।

गत असोज २२ गते ऊर्जाले ट्रान्सफर्मर खरिदमा अनियमितता भएको भन्दै १५ बुँदे विवरण बुझाउन ताकेता गरेको थियो । उक्त विवरण नदिएको भन्दै मन्त्रालयले पुनः स्पष्टीकरण सोधेको पत्रमा भनिएको छ । पत्रमा कुलमानमाथि पदीय मर्यादाविपरीतका काम गरेको आरोपसमेत लगाइएको छ । 'नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिका बैठकहरूमासमेत सरकारी निकायको कार्यकारी प्रमुखको हैसियत भुलेर पटक-पटक असहयोगी भूमिका खेल्ने गरेको, सामान्य विषयवस्तुमासमेत विवाद गर्ने गरेको र पदीय मर्यादाविपरीतका कार्यहरू गर्नुभएको साथै यस मन्त्रालयको निर्देशनसमेतलाई अवज्ञा गर्दै आउनुभएको छ,' पत्रमा भनिएको छ ।

यसैगरी पदबाट किन नहटाउने ? भन्दै प्रश्नसमेत गरिएको छ । 'सम्झौताको दफा १०.३ बमोजिम तपाईंको कार्यसम्पादन मूल्यांकन नै गर्न नसकिने अवस्था सिर्जना भएकोले सोही दफाबमोजिम तपाईंको नियुक्ति किन अन्त्य नगर्ने ?,' पत्रमा प्रश्न गरिएको छ । घिसिङ २०७८ साउन २५ मा चार वर्षका लागि दोस्रोपटक प्राधिकरणका प्रबन्ध निर्देशकमा नियुक्त भएका हुन् ।

■■■

## ओलीविरूद्ध एमालेमा...

उनले प्रतिवेदनमा स्टालिनको भनाइ कोट गर्दै भनेका छन्, 'पार्टीमा गुटहरू जन्मिरहन्छन् । तिनीहरूलाई मारिरहनु पर्दछ । प्रत्येक क्षण जन्मिरहने गुटका भ्रुणहरूलाई त्यसको गर्भमा नै अन्त्य गरिरहनुपर्छ ।'

तत्कालीन सोभियत संघका नेता जोसेफ स्टालिनको यो भनाइ ओलीले यसअघि राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका छन् । राजनीतिक प्रतिवेदनमा यस्तो लेखेको साता दिन नबित्दै एमालेमा रावलदेखि पाण्डेसँगै तिम्सेना कारबाहीमा परेका थिए । यी तीन नेता कारबाहीमा परेसँगै स्टालिनले गुटका भ्रुणलाई त्यसको गर्भमै अन्त्य गर्नुपर्छ भनेको सन्दर्भ चर्चामा पनि आयो ।

जबकि, एमालेको राजनीतिक जीवनमा स्टालिनको सन्दर्भ आउन छोडेको झण्डै तीन दशक भइसकेको राजनीतिशास्त्री पोखरेल बताउँछन् । 'एमालेले जनताको बहुदलीय जनवादलाई आफ्नो मार्गनिर्देशक सिद्धान्त बनाएपछि स्टालिनको भनाइ र उनको विचारलाई एमालेले पूर्णतः त्यागेको अवस्था थियो । तर, यसपटक कोट गरेको देखियो,' उनले प्रभावसँग भने ।

यसलाई लिएर प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओली पार्टीमा आफूविरुद्ध प्रश्न गर्नेमाथि प्रतिशोध साँध्नेगरी अघि बढेको टिप्पणी भइरहेको छ ।

अध्यक्ष ओलीले सचिवालयलाई समेत अन्यौलमा राखेर विवादित व्यवसायी मीनबहादुर गुरुङले दिने १० रोपनी १४ आना जग्गा दानमा लिएको विषयमा सार्वजनिक असहमति जनाएका थिए । उनीहरूले एमालेका नेता कार्यकर्ताले नै आफैं पार्टी कार्यालय बनाउने क्षमता राख्ने तर्क दिँदै विवादित व्यापारीको दान लिन नहुने भन्दै फेसबुकमा विरोध जनाएको भन्दै कारबाही गरिएको छ ।

पछिल्लो कारबाहीले एमालेले स्टालिन पथ अपनाएको टिप्पणी हुन थालेको छ । त्यसले पार्टीभित्र असन्तुष्ट बढाएको भन्दै ओलीको आलोचना सुरु भएको छ ।

यद्यपि, ओली पार्टी नेतृत्वको रूपमा अझ कडारूपमा प्रस्तुत हुन लागेको देखिएको छ । उनले चीनका राष्ट्रपति सी चीनफिङको भनाइ पनि राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका थिए । 'पार्टी सदस्य पार्टीका जग हुन् । जग बलियो नहुँदा घर बलियो नभएजस्तै, पार्टी सदस्य सक्षम, अनुशासित, गतिशील र जनतासँग नजोडिएसम्म पार्टी बलियो हुन सक्दैन । हाम्रो पार्टी जनाधारित कार्यकर्ता पार्टी भएका कारण पनि सदस्यको संख्यामा भन्दा गुणस्तरमा जोड दिनु झन् आवश्यक हुन गएको छ । यस प्रसंगमा 'कसैले उपहार दिए पनि नक्कली पार्टी सदस्य हामीलाई आवश्यक छैन ।'

पार्टीको राजनीतिक दस्तावेजमा यस्तो लेखेको एमालेले एकातिर ओलीले चालेको कदमको विरोध गर्नेलाई कारबाहीको डण्डा चलाएको छ । विरोध नगर्ने तर असन्तुष्टहरू थापा र खनालजसरी बाहिरिरहेका छन् । यसप्रति अध्यक्ष ओलीकै निकट मानिने एक जना केन्द्रीय सदस्यले ओलीमाथि स्टालिनपथमा हिँड्न थालेको आरोप जारी बैठकमै लगाएको बताए ।

ती नेताले भने, 'पार्टीमा नेतृत्वविरुद्ध सही कुरा पनि उठाउन नपाइने अवस्था पहिले पनि थियो । अहिले त भटाभट कारबाही गर्न थालियो । यो भनेको आफूविरुद्धको आवाज बन्द गर्नु हो ।'

एमालेले जनताको बहुदलीय जनवाद मान्न थालेको पाँचौं महाधिवेशनबाट मात्रै हो । जबजलाई नेपाली क्रान्तिको कार्यक्रमका रूपमा मदन भण्डारीले ल्याएका थिए । त्यससँगै स्टालिनपथ छाडेको एमाले अध्यक्ष ओलीले पार्टीमा कठोर हुने दृष्टिले सोभियत संघका तत्कालीन नेता स्टालिनको कोटलाई प्रतिवेदनमा समावेश गरेर त्रसित पार्ने प्रयास भएको अर्थमा कपितयको विश्लेषण छ ।

■■■

## दुई वर्ष खेर...

राजकुमारसहित नौ हजारभन्दा बढी युवा आफ्नो नाम आउने पर्खाइमै समय गुजारिरहेका छन् । 'भाषा परीक्षा पास भएकाहरूमध्ये जान पाउने एकतिहाइ मात्र हुन् । त्यतिमा परिन्छ कि परिँदैन थाहा छैन,' राजकुमारले भने ।

दोलखाका केशव बुढाथोकी र बुटवलका विनोद खड्काको भने फरक खालको समस्या छ । उनीहरू दुवैजना कोरिया गएर फर्किएका हुन् । उनीहरू फेरि रोजगारीका लागि कोरिया जान भनेर सिभिटी र युबिटी दुवै परीक्षामा राम्रो अंक ल्याएर उत्तीर्ण भए । तर सन् २०२२ मा उत्पादन क्षेत्रका लागि परीक्षा दिएका उनीहरूको कागजात अझै पनि कुनै कम्पनीसम्म पुगेको छैन । जब उनीहरू हरेक दिन 'जब सर्च प्रोग्रेस'मा आफ्नो कागजात कुनै कम्पनीसमक्ष पुग्यो कि भनेर हेर्छन्, तब निराशमात्र हुन्छन् । यहाँबाट सम्पूर्ण कागजात पठाएर आइडी बनेपछि आफ्नो काम के हुँदै छ भनेर आफैंले हेर्न सकिन्छ । कम्पनीलाई एक जना कामदार लिन तीन जनामध्येबाट छनोट गर्ने अधिकार हुन्छ ।

'कम्पनीले छान्दैन भने हामीलाई समस्या छैन । तर हाम्रो विवरण नै त्यहाँसम्म पुगेको छैन । सिस्टम नै छैन, जसले जे गरे नि भएको छ,' उनीहरू आक्रोश पोख्छन् । सन् २०२२ मा सिभिटी उत्तीर्ण गरेका १३ सय जना छन् । बरु एकचोटि फर्किएर आएकाहरूलाई फेरि जान पाउने नियम खारेज गरिए आफूहरू अरु नै काममा लाग्ने उनीहरू बताउँछन् ।

■■■

## समस्या कोरियाबाटै...

नेपालबाट सन् २००८ देखि इपिएस प्रणालीमार्फत कोरियामा कामदार पठाउन थालिएको हो । कोरियाले नेपालसहित विभिन्न १७ वटा देशबाट श्रमिक लग्दै आएको छ । हाल दक्षिण कोरियामा वैदेशिक रोजगारी, व्यापार व्यवसाय र अध्ययनको क्षेत्रमा गरी ७० हजारको हाराहारीमा नेपाली रहेको बताइन्छ । थोरै लागतमा जान सकिने, पारदर्शी प्रक्रिया, आकर्षक तलब, सुरक्षित काम गर्ने वातावरण, श्रमको सम्मान गर्ने संस्कारलगायत कारणले कोरियामा श्रमिकहरूको आकर्षण बढ्दो छ । पछिल्लो समय दक्षिण कोरियाले पनि नेपाली कामदारलाई प्राथमिकता दिँदै कोटा बढाएको थियो ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/२६ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **१७४९७५** को **फ्रेन्डस एण्ड श्रेष्ठ ग्रुप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२३**

**कस्तुरी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.**को मिति २०८१/०८/११ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सान नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २७४३४७)** कायम गर्ने गरी मिति २०८१/०८/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/११/१४ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **३०७५९१०** को **कश्मेक्स कार्गो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०९ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०९/२१ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **८१४१०** को **मदन मेटल वर्कशप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२३**

**बर्दिया भिल्ला एकिकृत कृषि पशुपालन इन्जिनियरिङ्ग तथा पर्यटन प्रा.लि.**को मिति २०८१/०९/१९ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बर्दिया भिल्ला टुरिज्म एण्ड कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २९०९८६)** कायम गर्ने गरी मिति २०८१/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०५/०५ मा दर्ता भएको **हंस डेण्टल हस्पिटल प्रा.लि. (प्रा.लि. नं. १५४२३६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**दर्ता खारेजी सम्बन्धी सूचना**

"सूचना तथा प्रसारण बिभागमा दर्ता नं १५६५, ०७६/०७७, मिति २०७६/०६/०५ मा दर्ता रहेको हलेसीपाटी सञ्चार प्रालि द्वारा संचालित www.halesipati.com नामक अनलाइन पत्रीकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन सँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा आजको मितिले १५ दिन भित्र यस कम्पनीको ठेगाना हलेसी तुवाचुङ नगरपालिका ०७ खोटाङ, संचालकको सम्पर्क नम्बर -९८४२९७४५१९ वा email - halesipati2021@gmail.com मा सम्पर्क गर्नहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रकृया अगाडि बढाइनेछ ।"

---

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८१/०९/२३**

यस कम्पनी प्रा.लि.नं. २७२०५० मिति २०७८/०५/३१ मा दर्ता भएको **एम.जि. नेपाल रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनी **स्वारोजगार कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि. (प्रा.लि. नं २७२०५०)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रार कार्यालयको मिति २०८१/०९/१६ गतेको निर्णयअनुसार नाम परिवर्तन गरिएको व्यहोरा सबैका लागि जानकारी गराइन्छ ।

---

**Sudurpaschim Province Government**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

## Infrastructure Development Office, Kanchanpur

## Invitation for Bids (IFB) No. 05-IDOKAN/081/82

***Date of first publication: 2081-09-23 (7th Jan, 2025)***

1. Infrastructure Development Office, Kanchanpur invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount ( Including VAT & PS ) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| IDOKAN/W/NCB/081/82-39 | Ban Samiti Garjamuni Pipaladee Kalagaudi hudai duwaha chitrapur hudai machheli doda samma sadak, Suklaphanta 5, Kachanpur | 3,866,787.33 | 90,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-40 | Shu.Na.Pa.4 ko wada office Rastriya MaBi Sidha Baijnath Mandir Sunwara nadi samma Sada, Shuklaphanta 4, Kachanpur., Rastriya Ma.Bi. Pashchim jane Sadak, Shuklaphanta 4, Kanchanpur., Tiruwako pasal dekhi pashchim pipal chautara jodne sadak, Suklaphanta 4, Kanchanpur | 19,324,265.33 | 430,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-41 | Shanti tolko bhagwati mandir dachhin dekhi purbtarpha jane bato, Bhi.Na.Pa. 3, Kanchanpur. Unnati tolma sadak, Bhi.Na.Pa.12, Kanchanpur. Bhumiraj tol Sadak, Bhi.Na.Pa. 2, Kanchanpur. Shantiniketan tol purano nabhapratribha Schoolko paschimtirko sadak, Bhi.Na.Pa.6, Kanchanpur | 14,493,845.08 | 325,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-42 | Ward no 6 & 7 jodne Mahadev Tole Deuri Kedar Tole Culvert Nirman, Bhi Na Pa 6 & 7, Kanchanpur | 3,865,322.02 | 90,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-43 | Airport Road bat mul nahar Samma Jane bato, Bhi.Na.Pa.4, Kanchanpur | 2,416,556.79 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-44 | Bhi.Na.Pa.18 Patharpur Sadabahar tol sadak, Kanchanpur, Kairbhatti Hariyali tol dekhi Bagphantako culvert samma jane Sadak, Bhi.Na.Pa.18, Kanchanpur, Wada karyalaya dekhi indrapalko ghar sammako Sadak, Bhi.Na.Pa.15, Kanchanpur | 2,899,583.20 | 65,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-45 | Bhi.Na.Pa.17 Janaki tol marga Bhaktabahadur chhetriko ghar bat daachhin Bhojraj joshiko ghar Samma Sada, Bhi.Na.Pa.17, kanchanpur | 2,416,161.13 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-46 | Bhi.Na.Pa. 18 Yekata tolma raheko SSP marga Sadak, Kanchanpur | 2,416,477.21 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-47 | Tilachaud Baljagriti Aadharbhut Bidhalaya dekhi Pachim Sadak, Bhi.Na.Pa.18, kanchanpur | 2,416,727.15 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/081/82-48 | Mantu rana ko pasal dekhi mataiya katan samma sadak istaronatti krishnapur 07, kanchanpur | 2,416,890.78 | 55,000 | 3,000 |
| IDOKAN/W/SQ/081/82-49 | Bhi.Na.Pa.8, Karan Singh Dhami jiuko ghardekhi Utar Shanti tol, Janaki tol Jodne Bato, Kachanpur | 1,932,658.10 | 45,000 | 1,000 |
| IDOKAN/W/SQ/081/82-50 | Construction of Ran Bahadur Chand ko ghar dekhi mul nahar jodne Samma Sadak Blacktop, Bedkot Na. Pa-08, Kanchanpur | 1,932,064.79 | 45,000 | 1,000 |
| IDOKAN/W/SQ/081/82-51 | Bhagatpur Jilla ban karyalayako purbutar bandebi tolma Sadak Nirman, Bhi.Na.Pa.4, kanchanpur | 1,932,433.00 | 45,000 | 1,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np/egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**

---


**साउदी/कतारमा रोजगार**

कम्पनी : Imdadat Al-Ata for Trading and Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316666 | चलानी नं. ६०२३०९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 25 | 0 | 1000 | ३६,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNIQUE CARE BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316724 | चलानी नं. ६०२३०९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 1700 | ६४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 1 | 1700 | ६४,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**युएइमा रोजगार**

कम्पनी : OASIS OASIS TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 316197 | चलानी नं. ६०२३०६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricators | 10 | 0 | 1500 | ५५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Helpers, Gen.attendants,workers, Office Boy,helpers, Loaders,packers & Similar Designations | 10 | 0 | 1000 | ३७,२३५ | | | | | | | |
| 3 | Riggers | 10 | 0 | 1200 | ४४,६८० | | | | | | | |
| 4 | Scaffolder | 10 | 0 | 1200 | ४४,६८० | | | | | | | |
| 5 | Welder Tech | 10 | 0 | 1500 | ५५,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।
इटहरीमा मितिः २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060

Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368,
Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774



**कतारमा रोजगार**

कम्पनी : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316650 | चलानी नं. ६०२३०९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 1 | 0 | 1100 | ४१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen. Mason | 4 | 0 | 1100 | ४१,४२० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३७,६५५ | | | | | | | |
| 4 | Reinforce Fitters | 2 | 0 | 1100 | ४१,४२० | | | | | | | |
| 5 | Skilled Plumber | 2 | 0 | 1100 | ४१,४२० | | | | | | | |
| 6 | Skilled Tile Maker | 2 | 0 | 1100 | ४१,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सुशासनमा अस्तव्यस्त काठमाडौं महानगर

**काठमाडौं महानगरपालिका पछिल्लो समय सुशासन व्यवस्थापनमा निकै कमजोर देखिएको छ। महानगर प्रमुखमा बालेन्द्र साह (बालेन) निर्वाचित भएर आएदेखि नै महानगरपालिकाको सेवाप्रवाह चुस्त हुन्छ भन्ने आँकलन गर्नेहरूका लागि अहिले मुखमा बुजो लागेको छ । निर्वाचन भएको करिब ३० महिना पुग्दै गर्दा प्रशासन हाँक्ने प्रमुख दायित्व बोकेको प्रमुख प्रशासकीय अधिकृत नै टिक्न सकेका छैनन्। निमित्तसहित यो तीन वर्षमा पाँच जनाले अपमानजनक ढंगले बहिर्गमन हुनुपरेको देखिन्छ ।**

**महानगर प्रमुख साहले प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीलाई गलहत्याएसँगै निमित्त प्रशासकीय प्रमुखले अघिल्लो वर्षको नगरसभा चलाए। ती निमित्त बनेका सिताराम कोइरालालाई पनि आर्थिक अनियमितताको आरोप लगाउँदै कारबाही गरियो । महानगरमा युवा कार्यकारी आएको निकै चर्चा गराइयो । प्रदीप परियार महानगरमा (रबर स्टचाप्प' प्रमुख प्रशासकीय अधिकृतका रूपमा बसे । थोरै समय बसेका उनले पनि प्रमुख साह र उनको सहयोगीका कारण महानगर छाडे । परियारको बहिर्गमन सहज भए पनि उनीपछि आएका सरोज गुरागाईंलाई महानगरप्रमुख साहले उनको प्रतिष्ठामाथि नै आँच पुग्नेगरी पत्रकार सम्मेलन गरेर काठमाडौं टावरको नक्सापास विवाद देखाएर कार्यालय प्रवेशमा रोक लगाए ।**

**त्यत्तिमात्र होइन उनले पाउने सुविधाहरूसमेत कटौती गरिदिएर अन्योलमा पारिदिएका छन्। अहिले निमित्त सम्हालेका शिक्षा विभागका प्रमुख गोविन्द शर्माले अवकाश पाउन १५ महिना बाँकी हुँदै जागिरबाट नै हात धुने प्रयास गरेका छन् । शर्माले राजीनामा दिए पनि त्यसलाई महानगरको नगर कार्यपालिका बैठकले अनुमोदन गर्नुपर्ने छ। उक्त प्रस्ताव महानगरको कार्यपालिका बैठकले विनाकारण प्रश्न नै टेवल टोकेर अनुमोदन गर्ने छ ।**

**काठमाडौं महानगरको पछिल्लो समयमा प्रशासन संयन्त्रको नेतृत्व नहुँदा सुशासन कुरामा मात्र सीमित हुने देखिन्छ । अहिले महानगरमा प्रशासनको नेतृत्व गर्ने प्रमुख प्रशासकीय प्रमुखविहीन छ । निमित्तले पनि राजीनामा दिएर बसिसकेका छन् भने सरकारले पनि गुरागाईंको सम्बन्धमा अहिलेसम्म मुख खोलेको छैन । महानगरको अहिलेको नेतृत्व प्रशासन संयन्त्र पूर्णरूपमा नै असफलजस्तै देखाउनेगरी लागेको छ । नीतिमा भन्दा पनि निर्देशनमा महानगरपालिकालाई चलाउने प्रयास भएपछि अहिलेको अवस्था सिर्जना भएको संकेत निमित्त प्रमुख प्रशासकीय प्रमुखको राजीनामाले छर्लंग बनाइदिएको छ ।**

**एकातिर प्रशासन प्रमुख, निमित्त प्रशासन प्रमुख छैनन् । त्यस्तै प्रशासन विभागका प्रमुख पनि बिदा लिएर बसेका छन्। त्यस्तै प्रमुख साहले नै ल्याएका सहरी योजना आयोगका उपाध्यक्ष पनि बिदामा बसेको देखिन्छ । प्रमुख साहलेभन्दा पनि उनको सचिवालयले महानगर हाँक्न खोजेको भन्दै महानगरका विभागीय प्रमुखहरू मात्र होइन साह आफैंले राखेका सल्लाहकारहरू पनि क्रमशः बाहिरिने क्रम जारी छ । महानगरको प्रशासन नेतृत्वविहीन बनाएर प्रमुख साह भने उनका सचिवालयका सहकर्मी सुनिल लम्सालसलाई लिएर बैंककमा घुमिरहेका छन् ।**

**'रोम जलिरहँदा निरो सुख र चैनले आरामसँग बाँसुरी बजाइरहेका थिए' भन्ने भनाइ जस्तै काठमाडौं महानगरपालिका अस्तव्यस्त हुँदा महानगरप्रमुख साह भने घुमफिरमै रमाइरहेका छन् !**

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

# बैंकर्स संघको आगामी कार्यभार



■ रिसव गौतम

विगतमा खालि साहू र आसामीमात्रैको सम्बन्ध बैंक र ग्राहकबीच हुन्थ्यो । त्यस्तो धारणामा विस्तारै परिवर्तन भएर आएको छ । समाजप्रति, ग्राहकप्रति, सरकारप्रति, उद्योग कलकारखानाको विकासप्रति बैंकको उत्तिकै दायित्व हुन्छ, जो बढेर गएको छ । नेपालमा खासगरी उद्योग-व्यवसायको क्षेत्र कमजोर भएको, त्यो क्षेत्रको कारोबारको आकार बढ्न नसकेका कारण पनि बैंकहरूले त्यो क्षेत्रलाई विश्वास गर्न सकिरहेका छैनन् तर अब नेपालमा बैंकहरूले जसरी आफ्नो विकास र फैलावटलाई विस्तारित गर्दै लगेका छन्, त्यही हिसाबमा उत्पादनमूलक उद्योग र व्यवसायका क्षेत्रमा लगानी विस्तार हुनुपर्छ ।

वाणिज्य बैंकहरूको छाता संगठन नेपाल बैंकर्स संघले हालै नयाँ नेतृत्व पाएको छ । बैंकर्स संघको नयाँ अध्यक्षमा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष कोइराला चुनिएका छन् । कोइरालाको अध्यक्षतामा बनेको नयाँ बैंकर्स संघले कस्तो भूमिका खेल्ला ? अथवा खेल्नुपर्छ। बैंकर्स संघको आगामी कार्यभार के हो ? त्यसै विषयउपर यस लेख केन्द्रित छ ।

मूलतः बैंकहरू आफैंमा नियमनकारी निकाय होइनन्। त्यसकारण बैंकर्स संघ नियमाकीय निकाय होइन। खासगरी बैंकहरूले आफ्ना आवाज, मुद्दा र हकहितका विषयमा संगठितरूपमा सरोकारवालासमक्ष राख्न बैंकर्स संघ जन्मिएको हो । देशको मूल पुँजीको बागडोर सम्हालेका कूल २० वाणिज्य बैंकहरूको यस छाता संगठन नियामक निकाय नभए पनि शक्तिशाली संस्था भने अवश्य हो । यस संस्थाले देशको मूल पुँजीको लागानीलाई कुन बाटोमा हिँडाउन प्रोत्साहित गर्ने, ग्राहक र बैंकहरूबीचको सम्बन्धलाई कस्तो बनाउने, अस्वस्थ प्रतिस्पर्धालाई कसरी न्यूनीकरण गर्ने, अल्पकालीन तथा दीर्घकालीन खालका समस्याहरूमा छलफल गरी नियमाकीय निकाय नेपाल राष्ट्र बैंकसमक्ष पुऱ्याउने भूमिका बैंकर्स संघको हुन्छ । त्यसकारण बैंकर्स संघ नियमाकीय निकाय नभएर पनि महत्त्वपूर्ण संस्था हो ।

यस संस्थाको नेतृत्वकर्ताले आफ्नो क्षमता प्रदर्शन गर्न सक्दा बैंक र ग्राहकबीचको सम्बन्ध, बैंक र सरकारबीचको सम्बन्ध, बैंक र नियमाकीय निकाय नेपाल राष्ट्र बैंकसँगको सम्बन्ध प्रगाढ हुनसक्छ । त्यतिमात्र होइन, देशको अर्थतन्त्रलाई टेवा दिनेगरी बैंकहरूको लगानी प्राथमिकता निर्धारण गर्न बैंकर्स संघको अग्रणि भूमिका हुन सक्दछ। हाम्रो जस्तो कमजोर आर्थिक अवस्था भएको एउटा अल्पविकसित देशको पुँजीलाई क्रमशः उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्दा देशलाई फाइदा हुन्छ। जसले गर्दा रोजगारीका अवसरहरू सँगसँगै सिर्जना हुन्छन् । वाणिज्य बैंकहरूको पुँजी कृषि, उत्पादन, उद्योग, पर्यटन, जलविद्युत्जस्ता सम्भावना भएका क्षेत्रहरूमा धेरैजसो प्रवाह गर्न सकियो भने त्यसले आर्थिक वृद्धि र अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्छ। त्यो भूमिका वा सेतुको काम बैंकर्स संघले गर्न सक्छ । बैंकर्स संघ आफूहरूलाई आइपरेका साना ठूला समस्याहरूमा मात्र केन्द्रित नभएर फराकिलो सोचसहित अघि बढ्न जरुरी छ ।

नयाँ संविधान बनेर संघीय संरचनामा देश गइसकेपछिका सरकारहरूले 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा लगाएका छन् । यस्तोमा देश समृद्ध बनाउने भूमिका बैंकहरूको अहम् हुने गर्छ । उनीहरूको लगानी सही ठाउँमा हुनसक्यो भने देश समृद्ध हुनसक्छ । त्यसकारण बैंकर्स संघको नयाँ कार्यसमितिले फराकिलो अवधारणा राखेर काम गर्नुपर्छ। बैंकहरू कुनै निश्चित व्यक्तिहरूको निजी संस्था नभएर हजारौं लगानीकर्ताहरूको लगानीको साझा संस्था हो । त्यसकारण पनि बैंकहरूको सोच र सरोकार फराकिलो हुनुपर्छ।

यसैपनि बैंकहरू सबै क्षेत्र, तह, तप्काका मानिसहरूसँग विविधतापूर्ण तवरले जोडिएका हुन्छन् । उनीहरूले सबै किसिमका समुदाय र मानिसहरूसँग उठबस, सहकार्य गर्छन् । फलस्वरूप उनीहरू फराकिलो अवधारणाले अघि बढ्न जरुरी छ । सीमित साहूको स्वार्थसिद्धिको एजेण्डामा केन्द्रित भएर होइन असीमित ग्राहक, सरोकारवाला, सेयरधनीको पक्षमा बैंकहरूले आफ्ना गतिविधि केन्द्रित गर्नुपर्छ । नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रका लागि बनाउने ऐन, निर्देशिका प्रगतिशीलका साथै बैंकहरूको हितमा केन्द्रित गर्न भूमिका खेल्नुपर्छ। बैंकहरू राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति, ऐन, नियम तथा निर्देशिकाहरू कार्यान्वयन गर्ने निकाय हो भने राष्ट्र बैंक नीति बनाएर कार्यान्वयन गराउने निकाय हो । त्यसकारण नेपाल बैंकर्स संघले राष्ट्र बैंकलाई सही र अत्यावश्यक नीतिहरू बनाउन गहन छलफलमार्फत सही सुझाव दिएर भूमिका खेल्न सक्छ । र, नयाँ कार्यसमितिले त्यसतर्फ आफूलाई केन्द्रित गराउनुपर्छ।

अर्को, सरकारले ल्याउने हरेक बजेट बैंकहरूसँग जोडिन्छन् । तर, कतिपय सरकारले बैंकमार्फत कार्यान्वयनमा ल्याउन चाहेका राम्रा कार्यक्रमहरू पनि बैंकहरूले अलिकति जोखिम र हिम्मत गर्न नसकेका कारण कार्यान्वयन भएका छैनन् । उदाहरणका लागि देशमा शैक्षिक बेरोजगारी बढिरहँदा बेलाबेला सरकारले बजेटमार्फत शैक्षिक प्रमाणपत्र धितोमा उद्यमी बन्नका लागि कर्जा दिइने भनेर कार्यक्रमहरू ल्याइरहेको हुन्छ । ती राम्रा र विदेशमा पनि अभ्यासमा आएका कार्यक्रमहरू हुन्।

तर, त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न गराउन बैंकहरूको प्रभावकारी भूमिका विगतमा देखिएन। बैंकहरू डराउने र राष्ट्र बैंकले पनि आवश्यक सहजीकरण नगरेका कारण बजेटमार्फत आएका राम्रा कार्यक्रमहरू पनि कार्यान्वयन भएका छैनन् । त्यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्न बैंकर्स संघको भूमिका हुनसक्छ । जसले देशमै रोजगारी, उत्पादन बढाएर आर्थिक क्रियाकलापलाई बढावा दिन भूमिका खेल्छ । फलस्वरूप आर्थिक गतिविधिहरू बढ्दा, उद्यम तथा व्यावसायिक क्रियाकलापहरू बढ्दा अन्ततः बैंकहरूकै व्यवसाय विस्तार हुने हुन्छ । उनीहरूकै दायरा फराकिलो हुने हो। त्यसकारण नयाँ कार्यसमितिले नयाँ ढगंले काम अघि बढाउन जरुरी छ ।

बैंक टिक्ने र अर्थतन्त्र अघि बढ्ने आधार औद्योगिक क्षेत्रको विकास नै हो । रेमिटचान्स स्थायी हुँदै होइन । अहिले ६० लाखभन्दा बढी युवायुवती विदेसिएका छन् भनिन्छ । समग्र अर्थतन्त्रमा घरेलु उद्योग-व्यवसायको योगदान छ-सात प्रतिशतभन्दा बढी छैन । मुलुक पूरै मजदुर उत्पादन गर्ने देशजस्तो भएको देखिन्छ । सीप, श्रम, साधन-स्रोत र पुँजीको परिचालनबाट औद्योगिक विकास हुन सकेको छैन । त्यस हिसाबले पनि बैंकहरूले औद्योगिक क्षेत्रमा, कृषि, उत्पादन र उद्योगहरूमा लगानी गर्न हिच्चकिचाइरहेका देखिन्छन् । उद्योगी वा व्यवसायी भनेका बैंकहरूका लागि पुँजी निर्माणका साधन हुन् । एउटा उद्योगीले कुनै बैंकमा आफ्नो मात्रै खाता खोलेको हुँदैन । उसका कर्मचारी तथा कामदारहरूको पनि खाता खोलिन्छ । उद्योगीले आयात तथा निर्यातका माध्यमबाट राज्यको आर्थिक गतिविधिलाई चलायमान बनाएका हुन्छन् । त्यसकारण बैंकको उद्योगी व्यवसायीसँगको सम्बन्ध बढी महत्त्वपूर्ण हुन्छ, र हुनुपर्छ।

विगतमा खालि साहू र आसामीमात्रैको सम्बन्ध बैंक र ग्राहकबीच हुन्थ्यो। त्यस्तो धारणामा विस्तारै परिवर्तन भएर आएको छ । समाजप्रति, ग्राहकप्रति, सरकारप्रति, उद्योग कलकारखानाको विकासप्रति बैंकको उत्तिकै दायित्व हुन्छ, जो बढेर गएको छ । नेपालमा खासगरी उद्योग-व्यवसायको क्षेत्र कमजोर भएको, त्यो क्षेत्रको कारोबारको आकार बढ्न नसकेका कारण पनि बैंकहरूले त्यो क्षेत्रलाई विश्वास गर्न सकिरहेका छैनन् तर अब नेपालमा बैंकहरूले जसरी आफ्नो विकास र फैलावटलाई विस्तारित गर्दै लगेका छन्, त्यही हिसाबमा उत्पादनमूलक उद्योग र व्यवसायका क्षेत्रमा लगानी विस्तार हुनुपर्छ।

केही वर्षयता बैंक र व्यवसायीबीचको सम्बन्ध त्यति हार्दिक छैन । तर पनि पछिल्ला केही महिनायता लगातार घटेको कर्जाको ब्याजदरसँगै बैंक र व्यवसायीबीच सम्बन्धमा केही सुधार हुन थालेका छन्। तर, कोरोना महामारी र आर्थिक मन्दीको प्रभावले गलेका उद्यमी व्यवसायीको व्यावसायिक मनोबल बढ्न सकेको छैन । आजको मितिमा बैंकहरूसँग छ खर्ब अधिक तरलता रहँदा पनि व्यवसायीहरू ऋण माग्न बैंकसमक्ष गएका छैनन् । विगत केही वर्षमा मंसिर लागेसँगै बैंकहरू तरलता संकटको मारमा हुन्थे । त्यो क्रम निकै वर्ष चल्यो । तर अघिल्ला वर्षहरूमा देशका ठूला भनिएका धेरै सहकारीहरू धराशायी भए, सहकारी क्षेत्र ठगहरूको चंगुलमा फसेसँगै त्यो क्षेत्रमा गएका निक्षेप बैंकहरूमा फर्किएका छन् । त्यसकारण पनि बैंकहरूमा तरलता चुलिएका हुन् ।

अर्को, राष्ट्र बैंक अलि कडा हुँदा बैंकहरू ऋणीमार्फत ब्याज र किस्ता असुल्ने कुरामा त्यसरी नै प्रस्तुत हुँदा बैंक र व्यवसायीबीच सम्बन्ध बिग्रिएको हो । त्यसलाई पुनर्ताजगी गर्ने र हार्दिकतातर्फ अग्रसर बनाउन बैंकर्स संघले भूमिका खेल्नुपर्छ ।

दुई वर्षअघिसम्म पनि बैंकहरूको ब्याजदरलाई लिएर बेलाबेला व्यवसायीले आन्दोलन गर्थे । व्यवसायीले बेलाबेला बैंकहरूको ब्याजदर चर्को भयो भन्दै घटाउन प्रधानमन्त्रीलाई नै हारगुहार गरिरहेका हुन्थे । खासगरी बैंक र व्यवसायीबीच प्रगाढ सम्बन्ध नभएकै कारण त्यो आन्दोलन भएको थियो । यी दुई पक्षबीच अत्यन्त सौहार्द्रपूर्ण सम्बन्ध हुँदामात्र उद्योग क्षेत्रले प्रगति हासिल गर्न सक्छ । उद्योग क्षेत्रको प्रगति हुँदामात्रै उनीहरूको बैंकसँगको कारोबार बढ्ने र बैंकको पनि नाफा बढ्ने अवस्था सिर्जना हुन्छ; तर यहाँ लय मिलेको छैन। बैंकहरूले दीर्घकालीन सोच राख्न सकेका छैनन् । अल्पकालीन उपलब्धि र नाफामा रमाइरहेका छन् । उत्पादनमूलक उद्योगहरूमा सहुलियतपूर्ण ब्याजदरको कर्जा प्रवाह गरेर स्वदेशी अर्थतन्त्रलाई बलियो बनाउनेबारे सोचेकै छैनन्। त्यो सोच हुँदामात्रै बैंकहरूको मुनाफा र गतिविधि दीर्घकालमा चलायमान हुन सक्छन्।

त्यसकारण नमिलेका धेरै कुराहरू मिलाउने सेतुको भूमिकामा बैंकर्स संघ अग्रसर हुनुपर्छ । कोइराला नेतृत्वको नयाँ कार्यसमिति जहाँ ग्लोबल आइएमई बैंकका सिइओ सुरेन्द्रराज रेग्मी उपाध्यक्ष, प्रभु बैंकका सिइओ अशोक शेरचन, सानिमा बैंकका सिइओ निश्चलराज पाण्डे, प्राइम बैंकका सिइओ सञ्जिव मानन्धर, सिद्धार्थ बैंकका सिइओ सुन्दरप्रसाद कँडेल, कुमारी बैंकका सिइओ रामचन्द्र खनाल, एभरेस्ट बैंकका सिइओ सुदेश खालिङ, नेपाल बैंकका सिइओ तिलकराज पाण्डे कार्यसमिति सदस्य रहेका छन् । त्यसैगरी निवर्तमान अध्यक्ष एवं एनएमबि बैंकका सिइओ सुनिल केसी कार्यसमितिको पदेन सदस्य रहेका छन् भने पूर्वअध्यक्षहरू हिमालयन बैंकका सिइओ अशोकशमशेर राणा र नबिल बैंकको सिइओ ज्ञानेन्द्रप्रसाद ढुंगाना नयाँ कार्यसमिति सल्लाहकार रहेका छन् । यो कार्यसमितिले आफ्नो कार्यभार प्रभावकारीरूपमा पूरा गरोस् । शुभकामना ।




# पैसा छैन, कसरी हुन्छ उपचार !

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, त्यही परिसरमा रहेको मनमोहन अस्पताल, वीर अस्पताल हुन् वा कान्ति बाल अस्पतालदेखि प्रायः सबै अस्पतालको रूप उस्तै छ । कुरा मनमोहन कार्डियोथेरासिक एण्ड भास्कुलर तथा ट्रान्सप्लाण्ट सेण्टरको मुख्य द्धारमा पहेँलै रङमा मनमोहन अधिकारीको अर्धकदको सालिक दक्षिणतर्फ फर्काएर राखिएको छ ।

साँझको समय शिक्षण अस्पतालको मुख्य गेटबाट नै सीधै एम्बुलेन्स एकोहोरो कराउँदै मनमोहनकै सालिकसम्म मुटुको रोगको संकेतका बिरामी छाड्दै दौडदै गरिरहेका छन । आफन्तहरू मलिन अनुहार लिएर एम्बुलेन्सबाट बिरामी झारिरहेका छन्। बिरामी झारेर एम्बुलेन्स आफू आएकै बाटो पुनः एकोहोरो 'साइरन' बजाउँदै दौडिहाल्छ।

विचरा एम्बुलेन्स सजिव प्राणी भए कति थाक्थ्यो होला । एकछिन पनि फुर्सद छैन, एकोहोरो कराउँदै दौडिरहेको छ। अन्य अस्पतालबाट 'रेफर' भएर ।

नेपालका नेताहरूजस्तै साँच्चिकै बेफुर्सदी एम्बुलेन्स । एम्बुलेन्स बिरामीको रोग निको पार्न व्यस्त छन्, तर नेताहरू देशलाई नै बिरामी पार्नका लागि व्यस्त देखिन्छन् । आफूलाई भिआइपी भन्दै एम्बुलेन्सजस्तै आवाजमा दिने चिल्लो गाडीमा हुईकिईरहन्छन्। सायद देशलाई रोगी पार्नेहरूलाई वोकेर हिड्ने चारपाङ्ग्रे र बिरामी मान्छेलाई निको पार्न वोकेर हिड्ने चारपाङ्ग्रै उत्तिकै व्यस्त उस्तै आवाज ।

मनमोहनको सालिकलाई दाहिने पारेर अस्पताल छिर्नेहरू सिँधै एमर्जेन्सीतिर हस्यांङ फस्याँङ गर्दै दौडिरहेका छन् । बिरामी अवस्था जटिल जटिल देखिन्छ । बिरामीको आफन्तको अनुहार निकै त्रासमय देखिन्छ। सेतो कपडा लगाउनेहरूको एक एक नयाँ आएको बिरामीलाई हेर्छन्। हत्त न पत्त फाइलमा रहेको पर्चाको सूचकमा फटाफट चिन्ह लगाउँछन् ।

बिरामीका आफन्तहरू सेतो कपडा लगाउनेहरूले चिन्ह लगाएको ठाउँमा आँखा डुलाउँछन्, अनि धमाधम औषधी लेखिदिन्छन्। सेतो कपडा लगाउने चिकित्सक बिरामीका आफन्तलाई भन्छन्, 'बाहिर गएर छाप लगाएर ल्याउनु, यो फार्मेसीमा गएर औषधी ल्याउनुस् !'

बिरामीका आफन्त सेता कपडा लगाउनेले दिएको चिर्कटो वोकेर हतास अनुहारमा छाप लगाउनु पुग्छन्। काउण्टरमा बसेका भलाद्मीलाई बिरामीका आफन्तले भन्छन्, 'लौन यसमा छाप लगाइदिनुस रे !

हात छिराएर उही सेतो कपडा लगाउनेदे दिएको चिर्कटो भित्र छिराउँछन्, भलाद्मी व्यक्ति भित्र कम्प्यूटरमा फुर्सदले के के लेख्छन्, अनि भन्छन्। खै यति हजार दिनोस् ?

बिरामी आफन्त ट्वा पर्छन्, 'ओहो ! यत्रो पैसा ? उहाँले त छाप लगाएर ल्याउनु भन्नु भएको थियो ' ।

मानौ छाप मात्र लगाएर पुग्ने होला ? तर त्यसो होइन रहेछ । छाप लगाएर ल्याउनु भनेको पैसा तिरेर आउ पो भनेको रहेछ । लामो लाईन बसेर पैसा तिरेपछि चिर्कटोमा भलाद्मीले छाप हान्दिछन् र भन्छन् जानुस् ।

बिरामीका आफन्त त्यही चिर्कटोसँगै थमाएको अर्को औषधीको चिर्कटो सहित फार्मेसीमा पुग्छन्, त्यहाँ पनि उही ताल छ, लामो लाईन । जे होस् बिरामीका आफन्तले सेता कपडा लगाएकाहरूले लेखि दिएका सबै औषधी लिन्छन्। र भित्र जान्छन्।

इमर्जेन्सी कक्षको वीचमा रहेको गोलघरमा सेता कपडा लगाउनेहरू को बाहुल्यता छ । सबै उस्तै लाग्ने रातमा चन्द्रमा टल्के जस्तै । बिरामीहरूका लागि त भगवान् नै हुन् । तर एकैछिनमा निला कपडामाथि सेता एप्रोन लगाएका नारी हस्तीमात्र गोलघरभित्र देखिन्छन् । एकदुई जना कलिला सेता कपडामा सजिएका व्यक्ति गोलघरभित्र छन्।

इमर्जेन्सीमा बिरामीहरूको आउने क्रम बढिरहन्छ। यो एक दिनमा मात्र होइन हरेक दिनको कर्म हो। त्यसैले होला गोलघर भित्र बस्नेहरूका लागि दैनिकी हो। तर बिरामी वोकेर जानेहरूको लागि डर त्रास अन्योल र के हो के हो भन्ने अवस्था पनि होला !

कोही बिरामी अईया अईया भन्दै कराईरहेका छन् । कोही वाकवाकी गरिरहेका छन् । कोही एकोहोरो खोकी रहेका छन् । बिरामीका लागि राखिएको बेड भरिभराउ मात्र छैन । कोही भुइँमै पल्टिरहेका छन्, कोही ह्वीलचेयरमा नै शिथिल अवस्था छन् कोही साधारण कुर्सीमा नै पल्छिरहेका छन् ।

बिरामीका आफन्तहरू त्यही गोलघरको बाहिर गुहार मागे झै भनिरहेका छन्, 'लौन उता कराईरहनु भएको छ । धेरै गाह्रो भएको जस्तो । एक पटक हेर्दिनुस् न ।

अर्को बिरामीको आफन्त भनिरहेका छन, मैले औषधी ल्याएर राखेका दुई घण्टा भईसक्यो, खै त तपाईहरू कोही पनि हेर्नुहुन्न ?

निला कपडामाथि सेता एप्रोन लगाएका साना नानी जस्तै लाग्नेहरू भन्छन्,'पर्खनोस् न, डाक्टर साहेव आउँदै हुनुहुन्छ त्यसपछि हेरिहाल्नु हुन्छ नि ?

बिरामीका आफन्त अलि आक्रोश पोख्छन्, एकछिन भनेको कतिबेर हो । बिरामी उता छटपटिएको छ एक घण्टा हुन लागि सक्यो ।

बिरामीहरू छरप्रष्ट देखिँदा लाग्छ साँच्चैकै विपद् परिरहेको छ। सबैको अनुहारमा त्रास मात्र छ। उत्तर कुनाको एउटा बेडमा करीव ४५ बर्षका अधेवैश घयार्घयार गरिरहेका छन्। उनीसँगै उनकी श्रीमती र सानो बालक पनि बसिरहेको छ । उनीहरूसँग पैसा नभएकै कारण लामो समयदेखि सेतोकपडा लगाउनेहरूको रेखदेखमा पर्न सकेको छैन ।

सरकारले विपन्न परिवारका लागि वेडको त सुविधा दिएकै छ । तर औषधी किन्न समेत पैसा नभएकै कारण ती महिला मोवाईल मार्फत धेरैसँग हार गुहार गरिरहेकी छिन् । सेता पहिरनधारी बिरामी छेउमा पुग्छन्, 'लौन छिटो गर्नुस् न । बिरामीलाई निकै गाह्रो भए जस्तो छ । औषधी किनेर ल्याउनुस् । ' विचरा उनले त्यहाँ भन्दा के नै पो भन्न सक्छन् र ?

बिरामीका श्रीमती भन्छिन्, 'हेर्नुस् न कत्तिलाई फोन गरे, कतिलाई गुहार कसैले सापटी दिएनन् !' म सँग पैसा छैन ।

के गर्ने त ? सेतो पहिरनका व्यक्तिले फेरि भन्छन्, मैले गर्न सक्ने जति सबै सेवा तपाईलाई मिलाईदिईसकेको छु । अव पैसा नै छैन भने पछि कसरी हुन्छ उपचार !'

ती महिला भन्छिन, 'त्यसो भए घर पठाइदिनुस्, मरे पनि बरु घरमा नै मर्छन्, पैसा छैन त म के गरुँ। सायद उनको कुरा अलि मन परेन होला सेतो पहिरन धारी उनी अर्को बिरामी तिर लाग्छिन्।

बिरामीको चाप जति छ सो अनुरूप सेता कपडाधारी व्यक्तिहरू सबै कलिला कलिला छन् । घण्टौं बेडमा, कुर्सीमा वा बेन्चमा बसिरहँदा पनि उपचार पाईरहेका छैनन् । सेता पहिरनधारी छन् तर कता छन् कता छन्। तर बिरामीको उपचारमा कमै मात्र देखिन्छन् । मुटुकै उपचार गराउने सेतोघरभित्र सहज उपचारको पहुँच छैन भने अरु रोगको उपचार के होला ? भगवान् भरोसा !

पैसा भएर त पाएको छैन भने । पैसा छैन त कसरी हुन्छ उपचार ?



**धुवाामुक्त नगर अभियान** | रौतहटको परोहा नगरपालिकाका नगरप्रमुख शेख वकिल नगरपालिकालाई धुवाामुक्त बनाउने अभियानअन्तर्गत सोमबार नगरवासीलाई चुल्होसहितको ग्यास सिलिण्डर वितरण गर्दै ।
*तस्बिरः रमेश तिमलसिना/रासस*

# बिपी उद्यानको अतिक्रमित जग्गामा बनेका संरचना धमाधम हटाइँदै



**वीरगञ्ज (पर्सा)-** वीरगञ्ज महानगरले यहाँस्थित घण्टाघरचोकसँगै रहेको बिपी उद्यानको अतिक्रमण गरेर बनाएका अस्थायी घरटहरा हटाउन थालेको छ । महानगरले दुईपटक सार्वजनिक सूचना जारी गरेर उद्यानमा रहेका अस्थायी घरटहरा, तरकारी तथा फलफूलको बजार हटाउनका लागि ताकेता गर्दा पनि नहटाएपछि आइतबारदेखि डोजर लगाएर स्थान खाली गराउन थालेको हो ।

वीरगञ्ज महानगरपालिकाका नगर प्रहरी प्रमुख हरि भुसालले दुईपटकसम्म सार्वजनिक सूचना जारी गर्दा पनि हटाउन आलटाल गरेपछि डोजर लगाएर करिब ४० अस्थायी घरटहरा खाली गराएको जानकारी दिए । 'हामीले आइतबारदेखि अतिक्रमणमा परेको बिपी उद्यान खाली गर्न थालेका छौं,' उनले भने, 'यो अभियान सबै अतिक्रमणमा परेको ठाउँ खाली नगरेसम्म रोकिँदैन ।'

महानगरका अनुसार बिपी उद्यानमा अस्थायी घरटहरा, तरकारी, फलफूल तथा कपडा पसल, तथा विभिन्न खानाका स्टल गरी करिब २५० भन्दा धेरै अस्थायीरूपमा सञ्चालनमा रहेका छन् । नगर प्रहरी प्रमुख भुसालले महानगरले उपयुक्त विकल्प दिएर बिपी उद्यान खाली गर्न लागेको जानकारी दिए ।

'यहाँ तरकारी तथा फलफूल व्यापार गर्दै आइरहेका व्यापारीलाई वडा नं १६ नगरवास्थित कृषिबजारमा राख्ने व्यवस्था गरेका छौं,' उनले भने, 'यहाँ पसल गर्नेको ९० प्रतिशतभन्दा धेरै वीरगञ्ज घर रहेका छन् । अन्य केही भने भारतीय नागरिकले सञ्चालन गरेका छन् ।' नगर प्रहरी प्रमुख भुसालले अतिक्रमण गरेको ठाउँलाई खाली गरेर आकर्षक खालको पार्क अघि बढाउने बताए ।

बिपी उद्यानमा मासु पसल सञ्चालन गर्दै आइरहेका ओकेबहादुर शाहीले महानगरले आफूहरूलाई हटाएर बिचल्ली बनाएको दाबी गरे । 'बिपी उद्यानमा दैनिक पाँच-दश केजी बंगुरको मासु बेच्दै आइरहेका थियौं,' उनले भने, 'यहीबाट परिवारको गर्जो टार्दै आइरहेका थियौं । आजदेखि त हटाएपछि अब कहाँ के गर्ने भन्ने अन्योल सिर्जना भएको छ ।'

उनले महानगरले आफूलाई मात्रै नभएर अन्यलाई पनि हटाउनुपर्ने बताए । 'डोजर लगाएर हामीलाई त हटाएका छन् । अन्य कपडा पसल, तरकारी तथा फलफूल बिक्री वितरण गर्नेलाई नहटाउने हुन् कि भन्ने आशंका उब्जिएको छ,' उनले भने ।

महानगरले यसअघि गत मंसिर २६ गते १५ दिने सार्वजनिक सूचना जारी गरेर बिपी उद्यानमा राखिएका तरकारी तथा फलफूल बजार हटाउनका लागि निर्देशन दिएको थियो । सो म्याद पनि यही पुस १० गते सकिएको थियो । तर, सो अवधिमा तरकारी तथा फलफूल व्यापारीले बिपी उद्यानको ठाउँ खाली गर्न अटेरी गरेपछि महानगरले दोस्रोपटक पुस १२ गते सात दिने म्याद राखेर सार्वजनिक सूचना जारी गरेको थियो ।

दोस्रोपटक सार्वजनिक सूचना जारी गर्दा पनि खाली नगरेपछि भने आइतबार एक्साभेटर लगाएर खाली गरेको हो । महानगरले यो ठाउँमा बिपी उद्यानलाई व्यवस्थित गरेर वीरगञ्ज आउने पर्यटकका लागि नयाँ आकर्षणको केन्द्र बनाउने तयारी गरिरहेको छ । *रासस*

# वनको संरक्षणमा जुट्दै सत्रखर्क कालीलेकका उपभोक्ता

**गण्डकी–** गोठ र चरनमा आधारित पशुपालनको परम्परा बोकेका यहाँको वन संरक्षणमा स्थानीय सक्रिय भएका छन् । पोखरा महानगरपालिका-१६ मा अवस्थित बहुमूल्य जडीबुटीको भण्डार सत्रखर्क कालीलेक सामुदायिक वनको संरक्षणमा उपभोक्ताले चासो देखाएका हुन् ।

जंगलमा रहेको बहुमूल्य जडीबुटी, काठसहित चोरी-सिकार हुँदै आएको सो वनलाई डिभिजन वन कार्यालय कास्कीले एक वर्षअघि संरक्षण, विकास र उपयोग गर्नेगरी गठित समूहलाई अधिकार हस्तान्तरण गरेसँगै उपभोक्ता वन जोगाउने अभियानमा जुटेका हुन् ।

बहुमूल्य जडीबुटी, सतुवा, लोटसल्लो, निर मसी, पखन वेद, चन्दन, चुत्रोलगायत मालिंगो, घुँडे र तीते निगालो स्वादिलो तरकारीमा प्रयोग गरिने टुसा, निउरो, तरूल प्रशस्त पाइने सत्रखर्क कालीलेक सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सुवेदार इन्द्रबहादुर गुरूङले जानकारी दिए । उनका अनुसार जंगल क्षेत्रमा चोगो, नसि, खाँदो, पनेलो, स्याक, क्रेटोपधेरो, कोइप्रोनो, तल्लोदोवान, वलाय, तोमोधु, तोढ्रे, एकल, दोबाटे, माडदी, घुडे, लिते र सवल गरी १७ वटा चरनलाई समेटेर यस वनलाई सत्रखर्क नामकरण गरिएको हो ।

समुद्री सतहबाट एक हजार २०० देखि तीन हजारसम्मको उचाइमा अवस्थित जंगलमा चितुवा, भालु, मृग, थार, घोरल, बाँदर, दुम्सीजस्ता जंगली जनावर र मुनाल, प्युरा, वन कुखुरालगायत विभिन्न प्रजातिका चराचुरूंगीको बासस्थान भएको अध्यक्ष गुरूङको दाबी छ ।

भारतीय सेनामा भर्ती भएका गुरूङले भने, 'आजभन्दा छ दशकअघिसम्म प्रत्येक खर्कमा भैंसी, गाई, भेडाका तीनदेखि चारवटा गोठ थिए, जसमा जंगलमा चार/पाँच हजार घरपालुवा चौपाया चर्ने गर्दथे ।'



जंगलको बीच भागमा रहेको बलायखर्कमा चेतबहादुर पौडेल र उमा पौडेलले भैंसी गोठमा भविष्य खोज्दै आएका छन् । उनको गोठमा हाल सानाठूला गरेर ४० वटा भैंसी र गाई रहेका छन् । सुरेन्द्र पौडेलले चरनमा आधारित बाख्रापालन गर्दै आएका छन् । पौडेलको खोरमा अहिले पनि १०० भन्दा बढी बाख्रा रहेका छन् । भैंसी र बाख्रा चरनमा आधारित छन् ।

अध्यक्ष गुरूङ भन्छन्, 'विगतमा बाहिरबाट आउनेले जंगलबाट जडीबुटी संकलन र जनावरको चोरी-सिकार हुँदा पनि सरकारी स्तरको ध्यान नपुग्नु र उपभोक्तामा अधिकार नहुँदा बर्सेनि बहुमूल्य जडीबुटी बाहिरिन्थ्यो । हाल उपभोक्ताले निगरानी राख्न थालेपछि केही नियन्त्रण भएको छ । सो क्षेत्रको करिब तीन हेक्टर क्षेत्रफलमा रहेको महत्त्वपूर्ण वनस्पति लोटसल्लो बिस्तारै पातलिँदै गएको छ । क्यान्सरको उपचारमा प्रयोग हुने उक्त वनस्पतिका पात र डाँठसमेत संकलन गरेर बोराका बोरा लैजाने गरेको स्थानीयको भनाइ छ ।

मार्की, जैमुरे, खरिकुना, ठूलोखोरिया, कुरा आँटीघर मौजा मोरियालगायत विभिन्न स्थानबाट जंगलमा प्रवेश गर्ने नाका रहेको बताउँदै उनले भने, 'टुसा र निउरो उत्पादन हुने सिजनमा चोरी-निकासी अत्यधिक हुने गरेको छ । समूहको ऐतिहासिक प्रथम साधारणसभाले अबका दिनमा समूहको कार्ययोजना र विधानको परिधिभित्र रहेर 'टेन्डर' आह्वान गरी समूहको केही हदसम्म भए पनि आयआर्जन गर्ने तयारी भइरहेको उनको भनाइ छ ।

वन समूहकी सचिव बबिता गुरूङका अनुसार पोखराको पानीको मुख्य स्रोत रहेको सम्भवत: कास्की जिल्लाको भौगोलिक हिसाबले सबैभन्दा ठूलो ६९३.५ हेक्टरमा फैलिएको उक्त वन ३१६ घरधुरी उपभोक्ता रहेका छन् । समूहले स्थायी लेखा नम्बर लिएको छ ।

वनमा प्रशस्त मात्रामा रहेको निगालोबाट मान्द्रो, थुन्से, नाम्लो, मोहडा, कुर्चीलगायत घरेलु सामग्री निर्माण गरिन्छ भने अल्लोबाट भाग्रा, कछाड, टोपी, थैलो, स्टकोटजस्ता कपडा निर्माण गर्दै आएको बताउँदै उनले थपे, 'प्राकृतिक स्रोत उपयोगका लागि आवश्यक तालिमको खाँचो छ ।'

अर्मलाकोट 'होमस्टे'का अध्यक्ष रहेका उनले भने, 'पोखराबाट छोटो दूरीमा रहेको बहुमूल्य जडीबुटी, महत्त्वपूर्ण चराचुरूंगी, जंगली जनावरको प्रत्यक्ष अध्ययन गर्न सकिने यस क्षेत्रको उचित प्रचारप्रसार गर्नसक्ने हो भने पर्यापर्यटन प्रवर्द्धनमासमेत सहयोग पुग्नाका साथै होमस्टेमा आन्तरिक एवं बाहृय पर्यटकको आकर्षण बढ्ने विश्वास छ ।'

**प्रथम वार्षिक साधारणसभा**

यसैबीच सत्रखर्च कालीलेक सामुदायिक वन उपभोक्ता समूहको प्रथम वार्षिक साधारणसभा सम्पन्न भएको छ । विगत लामो समयको निरन्तर प्रयासबाट एक वर्षअघि सामुदायिक वनका रूपमा हस्तान्तरण भएपछि वनका बारेमा पहिलोपटक उपभोक्ताको भेला भएको हो । भेलाले वनको संरक्षणसहित ढलापडा काठ निकासी गर्ने, टुसा र निउरो टिप्नका लागि 'टेन्डर' आह्वान गर्ने, जंगलमा जाने बाटो सफा गरी सञ्चालन गर्ने, पानीका मुहान संरक्षण र व्यवस्थापनमा जोड दिनेजस्ता निर्णय गरेको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरिप्रसाद बास्तोलाले साधारणसभाको उद्घाटन गर्दै प्राकृतिक स्रोतको उपयोगमार्फत स्वरोजगार सिर्जना गर्न सकिने बताए । वनको संरक्षण, संवर्द्धन, विकासमा महत्त्वपूर्ण योगदान गर्दै आएका उपभोक्ताले अब आयआर्जनसँग जोडिनुपर्ने आवश्यकता औंल्याउँदै उनले सामुदायिक वनलाई समृद्धिको आधार बनाउन तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुको विकल्प नभएको बताए । मुलुकमा हाल २३ हजार २६ सामुदायिक वन समूहका ३१ लाख ९५ हजार ३२३ घरपरिवारले २४ लाख २५ हजार ३९२.६० हेक्टर क्षेत्रफल वन व्यवस्थापन गर्दै आएको उनले जानकारी दिए । *रासस*

# 'प्लान्ट'बाट निस्केको धुवाँले वातावरणमा असर

**पथरी (प्रस)-** 'एसियन हाइवे' निर्माणका क्रममा मोरङको पथरी शनिश्चरे १० जिरी खिम्तीमा राखिएको 'प्लान्ट'ले वातावरणमा असर पुर्‍याएको स्थानीयवासी गुनासो गरेका छन् । प्लान्टबाट निस्किएको धूलो, धुँवा, दूषित पानी, विकार कच्चापदार्थ र आवाजले समुदायमा असर परेको जनाइएको छ ।

स्थानीयवासीसँग आठ वर्षका लागि जग्गा भाडामा लिएर निर्माण कम्पनीले प्लान्ट स्थापना गरेर हाइवे निर्माणको काम सुरु गरेको छ । स्थानीयसँगको सहकार्यविना र पथरी शनिश्चरे नगरपालिकालाई जानकारी नगराई प्लान्ट स्थापना गरेर निर्माण सुरु गरेको स्थानीयले गुनासो गरेका हुन् । कम्पनीले बस्तीभित्रै प्लान्ट राख्नाले घरभित्र धूलो पस्ने र बारीमा दूषित पानी, धूलो र धुँवापसी बाली नष्ट भएको स्थानीय भीम मगर बताउँछन् ।

प्लान्टबाट निस्किएको दूषित पानी र धूलो धुँवाका कारण अघिल्लो वर्षको तुलनामा उत्पादन आधा घटेको उनको भनाइ छ । बस्तीभित्र रहेको प्लान्टका उपकरण र औजारबाट रातको समयमा ध्वनी प्रदूषण, वायु प्रदूषण, जल प्रदूषण तथा एसियन हाइवे निर्माणमा खटिएका कर्मचारी र श्रमिकका लागि बनेको शौचालयले गाउँवासीलाई समस्या स्थानीय युवा जनक पोखेलले बताए ।

अझ उक्त स्थानमा प्लान्टसँगै अलकत्र पोल्ने मेसिन अस्फाल्ट प्लान्ट थपिने भएपछि जिरी खिम्तीबासीमा गाउँवासीमा समस्या भएको जनाइएको छ । प्लान्ट घर र उब्जाउयुक्त कृषिबालीसँग टाँसेर बनेको छ । यसका कारण समुदायमा प्रदूषण बढेर समस्या भएको डाँस मोरंगी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष हरि निरौलाको भनाइ छ । नगरले पटक-पटक स्थानीयको रायसहित प्लान्ट सञ्चालन गर्न मौखिक जानकारी गराए पनि कम्पनीले बेवास्ता गरेको पथरी शनिश्चरे नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शशी राई बताउँछन् ।

# अतिक्रमित जग्गा फिर्ता नहुँदा माछा पोखरी असुरक्षित

**बागमती-** प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौंडाको अतिक्रमणमा परेको जग्गा अझै फिर्ता नहुँदा माछा पोखरी असुरक्षित भएको छ । विभिन्न व्यक्ति तथा संस्थाले लामो समयदेखि मत्स्य केन्द्रको कूल ४९ हेक्टर जग्गामध्ये १३ बिघा १३ कठ्ठा १० धुर जग्गा अतिक्रमण गर्दा माछापालन क्षेत्र घटेर समस्या भएको हो । 'हाम्रो थुप्रै जग्गा अतिक्रमणमा परेको छ, अतिक्रमण गरेर अधिकांशले भौतिक संरचना निर्माण गरेका छन्,' कार्यालय प्रमुख सरोजकुमार यादवले भने, 'जग्गा अतिक्रमणमा परेकाले माछापालनमा समस्या भएको छ भने जग्गाको घेरबार गर्न सकेका छैनौं ।' जग्गा घेरबार गर्न नसकेर माछापालनका लागि निर्माण गरिएको पोखरीसमेत असुरक्षित भएको उनको भनाइ छ ।

माछा प्लानको कित्ता नम्बर ९६ को जग्गामध्ये करिब १२ कठ्ठा जग्गा अतिक्रमण गरी स्थानीय विष्णुप्रसाद दंगाल, धनबहादुर लामा, सावित्री बज्राचार्य (कुँवर), नवीन श्रेष्ठ, उद्धव चौलागाईं, पदमबहादुर खड्का र प्रेमबहादुर परियारले भवनलगायतका संरचना निर्माण गरेर भोगचलन गर्दै आएको पाइएको कार्यालय प्रमुख यादवले बताए ।

अतिक्रमणमा परेको जग्गा खाली गर्न पटक-पटक सूचना दिए पनि हालसम्म खासै उपलब्धि हासिल हुन नसकेपछि अतिक्रमित जग्गामा निर्माण भएका संरचना भत्काउने तयारी भइरहेको प्रमुख यादवले बताए ।

अतिक्रमणमा परेको जग्गाको डिजिटल विधिबाट नक्सांकन गरेपछि गत २०८० भदौ १६ गते सात जनाको नाम तोकेरै सो कार्यालयले अतिक्रमित जग्गा खाली गर्न निर्देशनात्मक सूचना जारी गरेको थियो । सूचना जारी भएपश्चात् केही व्यक्तिले अतिक्रमित जग्गामध्ये छ कठ्ठा जग्गा खाली गरे पनि बाँकी जग्गा अझै खाली नभएको प्रमुख यादवको भनाइ छ ।

'अतिक्रमित जग्गा खाली गर्न सूचना जारी गरेपछि अतिक्रमण गरेका केही व्यक्तिले उच्च अदालत पाटन-मकवानपुर इजलाशमा मुद्दा गरे,' प्रमुख यादवले भने, 'त्यो मुद्दा अदालतले खारेज गर्दै जग्गा खाली गर्न आदेश दियो । तर पनि अधिकांशले जग्गा खाली गर्नै मानेका छैनन् ।'

केही स्थानीयले अतिक्रमण गरेकामध्ये छ कठ्ठा जग्गामा बनाएको संरचना हटाएर जग्गा खाली गरेपछि अहिले उक्त जग्गामा माछाको आहारका लागि उन्नत घाँस तथा केरा लगाएर सदुपयोग गरिएको छ । बाँकी अतिक्रमित जग्गामा अनधिकृतरूपमा निर्माण गरिएको संरचना हटाउन सूचना जारी गरिएको एक वर्ष बित्न लाग्दासमेत सम्बन्धित व्यक्तिले जग्गा खाली गर्न नचाहेकाले अब सबै संरचना भत्काएर जग्गा खाली गराइने प्रमुख यादवले बताए ।

यस्तै उक्त कार्यालयकै नाममा रहेको कित्ता नं ९६ को आठ बिघा १३ कठ्ठा १८ धुर जग्गामा पिप्ले युवा क्लवले रंगशाला निर्माण, हेल्थपोस्ट र कार्यालयको भवनसमेत निर्माण गरी रेस्टुरेन्ट सञ्चालन गरिरहेको जनाएको छ । *रासस*


**कतारमा रोजगार** — कम्पनी : SAIF TWO CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 310495 | चलानी नं. ६०२२५१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 2 | 0 | 1000 | ३७,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1500 | ५६,४८५ | | | | | | | |
| 3 | Cashier | 2 | 0 | 1500 | ५६,४८५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९४,१४१ | | | | | | | |
| 5 | GENERAL CLEAN WORKER | 0 | 2 | 1000 | ३७,६५६ | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1000 | ३७,६५६ | | | | | | | |
| 7 | Sales Men | 1 | 0 | 1500 | ५६,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, बिजय चोक, काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।
झापा, बिर्तामोड, अतिथि सदन रोडमा मिति: २०८१ माघ २ र ३ गते (15 & 16th Jan. 2025) मा हुनेछ । सम्पर्क: ९८०६५८५०२१/९८४९७६६१२२ (Santosh/Kedar)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenhill — श्रम इजाजत नं. 1536/078/79
Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : SAIF MOHAMED ALAJMI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०८/११ | पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 314337 | चलानी नं. ६०२२८७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 5 | 0 | 1000 | ३६,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१



**साउदीमा रोजगार** — कम्पनी : ALWSTAH UNITED TRADING CO.

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 316649 | चलानी नं. ६०२३०८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३६,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** — कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316616 | चलानी नं. ६०२३०९३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 100 | 0 | 800 | २९,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd. — Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

# प्रभाव दैनिक





### ट्रेलरमा 'फिरफिरे फिरिरी'

हरर कमेडी फिल्म 'फिरफिरे फिरिरी' को ट्रेलर सार्वजनिक गरिएको छ। चलचित्र विकास बोर्डको हलमा सोमबार एक कार्यक्रमका बिच ट्रेलर सार्वजनिक गरिएको हो। सार्वजनिक ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ। झन्डै ३ मिनेट लामो ट्रेलरले गाउँघरमै बसेर विभिन्न पेशा अंगालेका ४ युवकको जीवनमा एक युवतीको आगमनपछि उत्पन्न परिस्थिति झल्काएको छ। ट्रेलर हेर्दा फिल्मले हररमा पनि नयाँ स्वाद दिने अनुमान गर्न सकिन्छ। माघ ४ गतेबाट प्रदर्शनमा आउने फिल्म नविन भट्टले निर्देशन गरेका हुन्।




मंगलबार, २३ पुस २०८१ (Tuesday, January 07, 2025)


# बालविवाहविरुद्धको फिल्म 'जुना'को दोस्रो पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** बालविवाह तथा महिला हिंसाको कथावस्तुमा आधारित फिल्म 'जुना : एक व्यथा'को दोस्रो पोस्टर सार्वजनिक गरिएको छ। पोस्टरमा फिल्मका प्रमुख कलाकार अस्मिता ढकाल र कृष्णप्रसाद धितालालाई चित्रण गरिएको छ ।

विवाहित अस्मिताको पात्र काखमा सन्तान बोकेर निराश भावमा कतै टोलाइरहेकी छिन् भने कृष्णको पात्र कोहीप्रति रिस व्यक्त गरिरहेको छ। पोस्टर राकेश दाहालले डिजाइन गरेका हुन्। फिल्ममा देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत र खगेन्द्र न्यौपानेको समेत अभिनय छ।

नेपाली समाजमा व्याप्त महिला हिंसा, बालविवाह, अनमेल विवाह, बहुविवाह, बलात्कार, जबरजस्ती करणी, छाउपडी जस्ता कुप्रथाविरुद्ध फिल्मका माध्यमबाट आवाज उठाइएको छ।




आगामी माघ २५ गते रिलिज तयारीमा रहेको फिल्म गोदावरी फिल्म प्रोडक्सन एण्ड रिसर्च प्रालिको ब्यानरमा निर्माण भएको हो। फिल्मको छायांकन पर्वतको सालिजा ओखेनीमा गरिएको छ। जीवन सेन्चुरी निर्देशित फिल्मलाई रामेश्वर हुमागाईंले खिचेका हुन्।

फिल्ममा दीपकप्रसाद घिमिरेको लगानी छ। राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत छ। फिल्मको वितरण एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले गर्नेछन्।

# लण्डनमा गुञ्जियो कन्दरा

**बेलायत–** 'पहिला घरदेश अनि परदेश' अन्तर्गत पोखरेली व्याण्ड कन्दराले लन्डनमा पहिलो कन्सर्ट गरेको छ।

शनिबार विश्वप्रतिष्ठित इण्डिगो एट द ओटुमा २५ सयभन्दा बढी दर्शकको उपस्थितिमा कन्दराले आफ्नो ऐतिहासिक कन्सर्ट सम्पन्न गरेको हो। कन्दरा ब्याण्ड स्थापनाको ३२ वर्ष पुगेको अवसरमा स्टेजमै आफ्नो वार्षिकोत्सव मनाएको थियो। कन्दराले ओटु साँझलाई ऐतिहासिक र अविष्मरणीय भनेको छ।

नेपालीका कार्यक्रम विरलै हुने सो स्थानमा गायक विवेक श्रेष्ठले नेपालबाटै आएका वाद्यवादकहरूको बेजोड लाइभ सङ्गीतमा झण्डै दुई घण्टा दर्शकलाई मन्त्रमुग्ध पारेका थिए।

गायक श्रेष्ठले तगारोमा रुमाल राखी, जिन्दगीको यो उत्सव हो बरदान ईश्वरको, विदेशिएर गइन उनी, लेककी हे माया मोहनी सबैलाई लगाउने, हङकङ पोखरा, तिमी हाँसे हासिदिउँला रोए फकाउँला, इलामे चियाले मितेरी लायो, चिसो चिसो हावामा, साङ्गिलाको लेक भरी फुलैफूलको बासना, हे कस्तो ठाउँमा आइयो सोल्टी, फुलचोकीको डाँडैमा, चन्चले कान्छीको, कहाँ हिँडेकी कुन ठाउँ मनकी ए परी, तिमी पारी त्यो गाउँमा, बल्ल तल्ल भेट भकोलगायतका गीत सुनाउनुभयो। उहाँका हरेक गीतमा दर्शकले 'वान्स मोर' भनेका थिए।

ओटुमा कन्दरा गुन्जिदा झण्डै दुई हजार आठ सय दर्शक साथ रहेको आयोजक मामाघर इन्टरटेन्मेन्टले जनाएको छ। गायक श्रेष्ठले गोपाल योञ्जनको 'धेरै छ गर्नु स्वदेशको सेवा नेपाली बन्नलाई' गाउँदै बेलायतका नेपालीलाई नेपाल फर्किन अपिल गरेका थिए।



कार्यक्रमको सफलतापछि उत्साहित श्रेष्ठले भने, 'विश्व सङ्गीतका लिजेण्डहरूको प्रस्तुती रहिसकेको यो ठाउँमा प्रस्तुती दिनु मेरो सपना थियो, आज यो ऐतिहासिक हलमा नेपाली दाजुभाई, दिदीबहिनी तथा आमाबाबामाँझ गाउन पाउनु मेरो लागि अझै सपना झैं लागि रहेको छ।' कन्दराको वर्तमान लाइन अपमा भोकलमा विवेक श्रेष्ठ, ड्रम्समा सुनिल थापा, लिड गिटारमा देव लामा, बास गिटारमा पंकज झा, मादलमा अविनाश गायक र किबोर्डमा उमेश थापा छन्। ड्रम्समा रहनुभएका सुनिल थापा ब्याण्ड स्थापना कालदेखिका सदस्य छन्।

कन्दराले आफ्नो ३२ वर्षे साङ्गीतिक यात्राको उत्सव वर्षको रूपमा सन् २०२४-०२५ लाई' पहिला घरदेश, अनि परदेश' को नारा दिएर देशभर र विश्व भ्रमणको तालिका सार्वजनिक गरेको छ।

यो कन्सर्ट लगत्तै यही जुनमा दुबई, कतार तथा हङकङमा प्रस्तुती दिने ब्याण्डले, मार्च-अप्रिलमा अस्ट्रेलिया र न्यूजील्याण्ड, मे' मा अमेरिका, जुनमा क्यानडा र जुलाई-अगस्टमा युरोपका विभिन्न देशपछि अगस्ट-सेप्टेम्बरमा जापानमा आफ्नो साङ्गीतिक प्रस्तुति दिने जनाएको छ।

नेपाली मेलो लोक-पपसँग ३२ वर्षे उमेर पूरा गरेको यस ब्याण्डले नेपाली युवामाझ पप र आधुनिक सङ्गीतको फ्युजन प्रस्तुत गर्दै साङ्गीतिक विरासतलाई निरन्तरता दिने जनाएको हो। *रासस*



## मदन भण्डारी गोल्डकप

# दुई विभागीय टोली पुलिस र आर्मी सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**बुटवल–** दुई विभागीय टोली नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब मदन भण्डारी गोल्डकप इन्डो नेपाल पुरुष भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेका छन्।

लिगचरणका अन्तिम खेलमा जित निकाल्दै आर्मी र पुलिस फरक फरक समूह विजेताको रूपमा अन्तिम चारमा प्रवेश गरेका हुन्। यस्तै, समूहचरणमा उपविजेता बनेका गुजरात स्टेट भलिबल क्लब र मणिमुकुन्दले पनि अन्तिम चारमै स्थान पक्का गरेका छन्। योसँगै सेमिफाइनल समीकरण पूरा भएको छ। मंगलबार पहिलो सेमिफाइनलमा पुलिस र गुजरात तथा दोस्रो सेमिफाइनलमा आर्मीर मणिमुकुन्द भिड्ने छन्।

सोमबार भएको पहिलो खेलमा पुलिसले रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोझो सेटमा पराजित गर्‍यो। पहिलो सेट २५-१८ को हार बेहोरेको रुकुम पश्चिमले दोस्रो सेटमा पनि २५-१९ ले गुमायो। तेस्रो सेट प्रतिस्पर्धात्मक भए पनि अन्ततः पुलिसले २८-२६ ले जित्यो। दोस्रो खेलमा आर्मीले विभागीय डर्बीमा सशस्त्र प्रहरी बल (एपिएफ) लाई ३-१ को सेटमा पराजित गर्‍यो।

दुई सेट २५-१७ र २५-२१ ले आर्मीले जितेको थियो। तर, तेस्रो सेट २५-१९ ले जित्दै एपिएफले खेलमा पुनरागमन गर्‍यो। तर, चौथो सेटमा आर्मीले २५-१५ ले जित्दै नतिजा आफ्नो पक्षमा पार्‍यो।

# वालिङविरुद्ध रश्मिको ह्याट्रिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** रश्मिकुमारी घिसिङको ह्याट्रिकसँगै विभागीय टोली एपिएफले एन्फा महिला लिग फाइनल राउन्डमा वालिङ नगरपालिकविरुद्ध प्रभावशाली जित निकालेको छ।

तीन दिन अघि मात्रै अर्को विभागीय टोली नेपाल पुलिस क्लबसँग ५-० को हार बेहोरेको वालिङले यसपल्ट एपिएफसँग चार गोल बढी खाएको हो।

वालिङको लिगमा यो लगातार दोस्रो हार हो। एपिएफको भने यो लगातार दोस्रो जित हो। एपिएफले बागमती युथ क्लबलाई ५-१ ले पाखा लगाएको थियो।

खेलको तेस्रो मिनेटमै रश्मिको गोलमार्फत एपिएफले सुरुआती अग्रता लिएको थियो। त्यसको दुई मिनेटमै गीता रानाले अर्को गोल थपिन्। वालिङ सम्हालिन नपाउँदै रश्मिले व्यक्तिगत दोस्रो र टोलीका लागि तेस्रो गोल गरिन्।

१६औं मिनेटमा वालिङकी डिफेन्डर पुष्पाकुमारी खड्का आफ्नै पोस्टमा गोल गरेसँगै एपिएफले ४-० को अग्रता लिएको थियो। त्यसको एक मिनेटमै रश्मिले अर्को गोल थप्दै ह्याट्रिक पूरा गरिन्।

३१औं मिनेट सरु लिम्बू र ४२औं मिनेटमा गीताले गोल गरेपछि एपिएफले पहिलो हाफमै ७-० को अग्रता लिएको थियो।

दोस्रो हाफमा भने वालिङले डिफेन्समा सुधारिएको प्रदर्शन गर्दा एपिएफले दुई गोलभन्दा बढी निकाल्न सकेन। ७७औं मिनेटमा रश्मि र ९१औं मिनेटमा अनिता केसीले गोल गर्दै एपिएफलाई सहज र सानदार जित दिलाए।


**Thakre Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Mahadevbesi, Dhading**
**Bagmati Province, Nepal**

***Invitation for Online Bid***

***Date of Publication: 2081-09-23***

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract below
2. Thakre Rural Municipality invites online bids under the contract for Procurement of Veterinary Drugs for the fiscal year 2081/82. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading , Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp

| S.No. | Contract ID No. | Project Title | Estimated cost | Bid Security amount | Bid document fee (NRS) |
|---|---|---|---|---|---|
| 1. | 01/NCB/GOODS/THAKRE/2081/082 | Procurement of Veterinary Drugs for the Fiscal Year 2081/82 | 25,00,000/- | 75,000/- | 3,000/- |

3. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp Interested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.

Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch
Name of the office : Thakre Rural Municipality
Office account no : 0510101118900121

5. Intrested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2081-10-24 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 2081-10-24, 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

***Chief Administrative officer***


# जय ट्रफी: आर्मी र पुलिसको खेल बराबरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** जय ट्रफी मेन्स एलाइट कपअन्तर्गतको सोमबार सम्पन्न खेलमा त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबबीचको खेल बराबरीमा टुंगिएको छ।

वीरगञ्जमा सम्पन्न खेलमा आर्मीले दिएको एक सय ७२ रनको लक्ष्य पछ्याएको पुलिसले दिनको खेल समाप्त हुँदा पाँच विकेटको क्षतिमा ८८ रन मात्र बनाउन सफल भयो। आइतबार टस हारेर पहिले ब्याटिङ गरेको आर्मीले पहिलो पारीमा ३४ दशमलव चार ओभर खेल्दै १० विकेटको क्षतिमा एक सय २१ मात्र बनायो। आर्मीलाई सस्तैमा समेट्ने क्रममा पुलिसका लागि ललित राजवंशी एक्लैले सात विकेट लिए। साथै कुशल भुर्तेल, श्रवण यादव र राशिद खानले एक/एक विकेट लिए।

त्यसपछि ब्याटिङमा उत्रिएको पुलिसको पनि ब्याटिङ राम्रो भएन। कूल ३३ दशमलव एक ओभर खेल्ने क्रममा अलआउट हुँदै पुलिसले एक सय २५ रन बनायो। यद्यपि पुलिसले आर्मीसँग चार रनको अग्रता कायम गर्‍यो। आर्मीका लागि सहाब आलिम एक्लैले आठ विकेट लिए। साथै सोमपाल कामी र पवन कार्कीले एक/एक विकेट लिए।

पहिलो पारीमा चार रनले पछि परेको आर्मीले दोस्रो पारीमा सोमपाल कामीको ८२ रनको उत्कृष्ट पारीको सहायतामा अलआउट हुनुअघि एक सय ७५ रन बनायो। एक सय ७१ रनले अघि रहेको आर्मीले पुलिसलाई एक सय ७२ रनको लक्ष्य दिएको थियो। आर्मीका लागि दोस्रो पारीमा तृतराज दासले ३४, भीम सार्कीले १५ र विवेक यादवले ११ रनको योगदान दिए भने अन्य ब्याटरले उल्लेख्य योगदान दिन सकेनन्। पुलिसका लागि दोस्रो पारीमा कुशल भुर्तेलले चार विकेट लिए भने गुलशन झाले तीन, ललित राजवंशीले दुई र राशिद खानले एक विकेट लिए।

कूल १७२ रनको लक्ष्य पछ्याएको पुलिसले दोस्रो पारीमा ४० दशमलव तीन ओभर खेल्ने क्रममा ८८ रन बनाउँदा खेल सकियो। उसका लागि अमिर श्रेष्ठले सर्वाधिक ३६ रनको योगदान दिए भने अर्जुन साउदले १९ रन बनाए।

आर्मीका लागि आकाश चन्द र साहब आलमले समान दुई विकेट लिए भने पवन कार्कीले एक विकेट लिए। जारी प्रतियोगिताको सोमबार नै सम्पन्न मधेश प्रदेश र बागमती प्रदेशबीचको खेल पनि बराबरीमा सकिएको छ। प्रतियोगिताको तेस्रो खेल यही पुस २८ गते मधेस प्रदेश र नेपाल पुलिस क्लबबीच हुनेछ भने चौथो खेल बागमती प्रदेश र त्रिभुवन आर्मी क्लबबीच हुनेछ।

# हसिनाविरुद्ध दोस्रोपटक पक्राउ पुर्जी जारी



**ढाका-** बंगलादेशको एक अदालतले निर्वासित पूर्वनेता शेख हसिनालाई बेपत्ता पारेको आरोपमा दोस्रोपटक पक्राउ पुर्जी जारी गरेको छ । विद्यार्थी नेतृत्वको आन्दोलनले सत्ताच्युत भएपछि गत अगस्टमा मित्रराष्ट्र भारतमा निर्वासित जीवन बिताइरहेकी ७७ वर्षीया हसिनाविरुद्ध ढाकाले मानवताविरुद्धको अपराधको अभियोगमा यसअघि नै पक्राउ पुर्जी जारी गरिसकेको छ ।

उनको १५ वर्षे कार्यकालमा उनका राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्याहरू भएको र व्यापकरूपमा मानवअधिकार उल्लंघन भएको आरोप लागेको छ । घरेलु अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) का मुख्य अभियोजक ताजुल इस्लामले दोस्रो पक्राउ पुर्जी उनको शासनकालमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूसँग सम्बन्धित रहेको बताए ।

बंगलादेशी सुरक्षाकर्मीले ५०० भन्दा बढी व्यक्तिलाई गैरकानुनीरूपमा नियन्त्रण गरेका थिए भने तीमध्ये केहीलाई वर्षौंदेखि गोप्य स्थानमा राखिएको थियो । पूर्वप्रधानमन्त्री हसिनाले सत्ता छोडेसँगै पीडितहरूले भोगेका कष्टदायी घटनाहरू सार्वजनिक गर्न थालेका छन् ।

'अदालतले शेख हसिना र उनका सैन्य सल्लाहकार, सैनिक कर्मचारी र अन्य कानुन प्रवर्तन अधिकारीहरू सहित ११ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ,' इस्लामले पत्रकार सम्मेलनमा भने । बंगलादेशले गत डिसेम्बरमा भारतलाई हसिनालाई मुद्दाको सामना गर्न फिर्ता पठाउन आग्रह गरेको थियो तर दिल्लीले त्यसको जवाफ दिन अस्वीकार गरेको थियो ।

इस्लामले अदालतले मुद्दाको सुनुवाइ अघि बढाउन चाहेको बताएका छन् । 'हामी जतिसक्दो चाँडो मुद्दाको सुनुवाइ टुंग्याउन चाहन्छौं, तर यसको अर्थ यो होइन कि हामी कानुन भंग गर्छौं वा उचित प्रक्रियाविना नै फैसला दिन्छौं,' उनले भने ।

हसिनाको सरकार ढलेपछि उनका दर्जनौं सहयोगीलाई हिरासतमा लिइएको छ । उनीहरूलाई प्रहरी नियन्त्रण र कारबाहीमा संलग्न रहेको आरोप लगाइएको छ । उक्त कारबाहीमा ७०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो । *रासस/एएफपी*

## सूचना !

मिति २०८१ पुस ९ गते मंगलबार प्रभाव दैनिकमा प्रकाशित यस सिभिक बहुउद्देश्यीय सहकारी संस्था लिको २३औं र २४औं साधारण सभा सम्बन्धी सूचनामा त्रुटिवस कम्पनी ऐन २०६३ को दफा ६७ वमोजिम भनी उल्लेख भएकोले उक्त वाक्य हटाइएको व्यहोरा यस सूचना मार्फत जानकारी गाराइन्छ ।

CIVIC MULTIPURPOSE CO-OPERATIVE LTD.
सिभिक बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.न.पा.२६, लैनचौर, काठमाडौं, फोन नं.४५४४८००, ४५४४७००

## साउदीमा रोजगार

कम्पनी : Faisal Fahad Hussein Al-Kari Transport Company is a one-person company.

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316740 | चलानी नं. ६०२३०९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 5 | 0 | 1800 | ६५,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Faisal Fahad Hussein Al-Kari Transport Company is a one-person company.

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316739 | चलानी नं. ६०२३०९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 1 | 0 | 1800 | ६५,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५

Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454, E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np

## कतारमा रोजगार

कम्पनी : JASSIM AND ABDULAAL CLEANING CO.

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316701 | चलानी नं. ६०२३०९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | assistant helpers | 10 | 0 | 1000 | ३७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

# छिट्टै गाजा युद्धविराम हुनेमा ब्लिन्केन 'विश्वस्त'



**सियोल-** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गाजामा छिट्टै युद्धविराम हुने विश्वास व्यक्त गरेका छन् । उनले भने, 'आवश्यक प्रक्रियापछि र अमेरिकी राष्ट्रपति जो बाइडेन राष्ट्रपति पदबाट हटेपछि सम्भवतः जनवरी २० पछि युद्धविराम हुने छ ।'

गत वर्ष हमास र इजरायलबीच युद्धविरामका लागि पटक-पटक प्रयास गरे पनि असफल भएको स्मरण गर्दै ब्लिन्केनले भने, 'बाइडेन प्रशासनले आफ्नो कार्यकालको अन्त्यसम्म युद्धविराम र बन्दी मुक्त गर्ने काम हरेक दिन हरेक मिनेट गरिने छ ।'

'हामी आगामी दुई हप्तामा युद्धविराम सम्झौतालाई निष्कर्षमा ल्याउन चाहन्छौं,' विदेशमन्त्री ब्लिन्केनले सियोल भ्रमणका क्रममा सञ्चारकर्मीसँग भने, 'यदि हामीले आगामी दुई हप्तामा फिनिसिङ लाइन पार गर्न सकेनौं भने पनि मलाई विश्वास छ यो कुनै बिन्दुमा छिट्टै पूरा हुने छ ।'

'सम्झौता राष्ट्रपति बाइडेनले अघि सारेको योजनाको आधारमा हुने छ र लगभग सम्पूर्ण विश्वले समर्थन गर्ने छ,' उनले भने । जनवरी २० मा कार्यभार सम्हाल्ने तयारीमा रहेका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई अझ बलियो समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् र सन् २०२३ को अक्टोबर ७ मा भएको आक्रमणमा समातिएका बन्धकहरूलाई मुक्त नगरे हमासले 'ठूलो मूल्य चुकाउनुपर्ने' चेतावनी दिएका छन् ।

हमासका एक अधिकारीले आइतबार इजरायलसँगको सम्भावित सम्झौताको 'पहिलो चरण'मा ३४ जना बन्धकलाई मुक्त गर्न समूह तयार रहेको बताएका छन् । ब्लिन्केनले सम्झौतामा पुग्न हमासले आफ्नो तर्फबाट 'तीव्र चाहना' गरेको तर त्यो अझै पूरा नभएको बताएका छन् ।

ब्लिन्केनले भने, 'हामीलाई सम्झौतालाई पूरा गर्न र बन्धकहरूका लागि परिस्थितिलाई मौलिकरूपमा परिवर्तन गर्न, उनीहरूलाई मुक्त गर्न, गाजाबासीलाई राहत दिन र समग्र क्षेत्रका लागि राहत महसुस हुने काम गर्न अगाडि बढ्नका लागि अन्तिम निर्णयहरू गर्न आवश्यक छ । सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको भीषण आक्रमण र बदलामा इजरायलले गाजामा चलाएको हमासविराधी कारबाहीसँगै ब्लिन्केनले मध्यपूर्वको १२ पटक भ्रमण गरिसकेका छन् । *रासस/एएफपी*

## कतारमा रोजगार

कम्पनी : AL HANQAH HOSPITALITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 316682 | चलानी नं. ६०२३०९७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1700 | ६३,९५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaner | 115 | 0 | 1000 | ३७,६२३ | | | | | | | |
| 3 | GENERAL CLEAN WORKER | 20 | 0 | 1000 | ३७,६२३ | | | | | | | |
| 4 | Dry Clean Worker (Female) | 0 | 5 | 1000 | ३७,६२३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १ गते (14th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## Dharan Sub Metropolitan City
### Office of Municipal Executive
## Invitation for Bids

**Invitation for Bids No: 08/DHARAN/GOODS/NCB/081/82**

*Date of publication:-2081-09-23 07:00 AM*

1. Dharan Sub Metropolitan City invites electronic bids from Nepalese eligible bidders for the Supply, Delivery and Installation of required Specification of Soap manufacturing Machine under National Competitive Bidding procedures. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Dharan Sub- Metropolitan City Office, Dharan.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

## Invitation for Bids

**Notice No: 04/081/82**

*Date of publication: 2081/09/23 (2025-01-07)*

1. Urban Development and Building office, Hetauda, Makawanpur, Bagamati Province invites electronic bids from eligible and registered bidders for the procurement of following works under NCB.

| S.N | Contract ID No. | Description of Works | Estimated Amount (NRs.) | Bid Security Amount (NRs.) | Intended Completion Date |
|---|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB/WORKS/2081/82-21 | Construction of Rapti Na.Pa. ward no.1 office building, Chitwan | 38,64,283.02 | 1,10,000.00 | 15th Ashad, 2082 |
| 2 | UDBO/MAK/NCB/WORKS/2081/82-22 | Construction of Pavement road, Retaining structures and other Road Improvement works at various roads of Bhimphedi rural municipality ward no. 4, 5 and 6, Makawanpur | 96,60,608.61 | 2,65,000.00 | 30st Jestha, 2082 |
| 3 | UDBO/MAK/NCB/WORKS/2081/82-23 | Construction of Pavement road, Retaining structures and other Road Improvement works at various roads of Bhimphedi rural municipality ward no. 1 and 9, Makawanpur | 67,62,193.10 | 1,85,000.00 | 30st Jestha, 2082 |

2. Bids must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00Noon; on (2081/10/24) (2025-02-06) Eligible bidders may obtain further information at Urban Development and Building office, Makawanpur.

**Office Chief**

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल उदयपुर
कोशी प्रदेश

## प्राविधिक प्रस्ताव आशयको सूचना

प्रकाशित मितिः- २०८१-०९-२३ (Jan 07, 2025)

यस कार्यालयबाट मिति २०८१/०७/२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ज) को उपनियम ४ बमोजिम सारभुत रूपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सोहि नियमावलीको नियम ३१(ज) को उपनियम ५ बमोजिम खोल्ने प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | सफल बोलपत्रदाताहरू | | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| UH/UDAYAPUR/NCB/Works/01-2081/82 | Construction of Maternity Ward of District Hospital Udayapur, Udayapur | १ | Prayash/Tejas Jv, Sinamangal-09, Kathmandu. | २०८१-१०-०२ (Jan 15, 2025) at 13:00 Place:- जिल्ला अस्पताल, उदयपुर |
| | | २ | Shaktikunda/Global Joint Venture, Triyuga Municipality-11, Gaighat, Udayapur | |
| | | ३ | Beltare-Samatange-Jv, Chaudandigadhi-07, Beltar, Udayapur | |
| | | ४ | Bhusnamchha Constructon, Triyuga, Udayapur | |

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

## उदयपुरगढी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/०९/२३

यस उदयपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट मिति: २०८१-०८-०७ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरूको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्र न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | बोलपत्र नं./ विवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने. रु. (VAT र PS सहित ) |
|---|---|---|---|
| १. | Contract No. URM/NCB/Works/02-2081/82, Upallo Dhile Khola Thakle Khanepaani Aayojana in Ward No.01 (S1-Upallo Thakle, S2-Tallo Thakle, S3-Damaidada, S4-Chapleti, S5-Hattikharka, S6-Murme) | M/s Royal Shining Star Construction Pvt. Ltd Udayapurgadhi-8, Udayapur | ५७,६९,०३२.२३/- |
| २. | Contract No. URM/NCB/Works/03-2081/82, Construction of Raatmate Risku Khola Culvert and Causeway in Ward No.01 | M/s Tawashree Construction and Suppliers Pvt. Ltd, Katari, Udayapur | २४,९८,२४२.०७/- |


प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५२००० | प्रति तोला – ० | प्रति तोला – १८१० |



**पर्यटकीय तारेभिर**

**काठमाडौंको गोकर्णश्वर नगरपालिका–३ मा अवस्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग जोडिएको उत्तरी भेगमा अवस्थित पर्यटकीयस्थल तारेभिर । यस गाउँबाट उपत्यकाको दृश्य अवलोकन तथा घुम्नका लागि पर्यटक जाने गर्छन् ।**

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# वैकल्पिक वित्तसम्बन्धी कानुन बन्दै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन निर्माण प्रक्रिया थालेको छ । परम्परागत लगानीका स्रोतका अतिरिक्त वैकल्पिक स्रोतको पहिचान र उपयोग गर्ने उद्देश्यका साथ 'वैकल्पिक वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' को मस्यौदा बनिरहेको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले अहिले विधेयक मन्त्रालयमा छलफलका क्रममा रहेको र के कस्ता व्यवस्था राखेर मन्त्रिपरिषद्मा पठाउने भन्ने टुङ्गो अझै नलागेको बताए । 'विधेयकको मस्यौदा निर्माणको क्रममा छ, सरोकारवालासँगको छलफल चलिरहेको छ । मन्त्रिपरिषद्मा कस्तो मस्यौदा जाने भने टुङ्गो लागिसकेको छैन,' उनले भने ।

सरकारी, सार्वजनिक र निजी साझेदारी, प्रत्यक्ष वैदेशिक लगानीलगायत विभिन्न तरिकाले वित्तीय स्रोत जुटाइने परम्परागत शैलीको विकल्प खोजिनुपर्ने र नयाँ स्रोत पहिचान तथा प्रयोगमा ल्याइनुपर्ने विषय लामो समयदेखि उठ्दै आएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा पनि सरकारले लगानीका वैकल्पिक स्रोत खोज्ने उल्लेख गरेको छ । व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान र सहुलियतपूर्ण ऋण सहायतालाई मिश्रित गरी समिश्रित वित्त (ब्लेन्डेड फाइनान्स) विधिमा विकास सहायता परिचालन गर्ने उल्लेख छ । यसरी मुलुकको समृद्धि, दीगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्तको परिचालनको आवश्यकता औंल्याइदै आइएको थियो ।

सोहिअनुसार विभिन्न किसिमका ऋणपत्र, प्रत्याभूति पत्र, स्वपूँजी कोषलगायत विभिन्न वित्तीय वा मौद्रिक उपकरणमार्फत वैकल्पिक वित्त परिचालन गर्न आवश्यक रहेको भन्दै सरकारले विधेयक ल्याउने तयारी गरेको हो ।

वैकल्पिक वित्त स्रोत भन्नाले विभिन्न माध्यमबाट कोष खडा गर्ने प्रक्रियालाई समेट्दछन् । यसअन्तर्गत कुनै परियोजना विशेषका लागि लगानीकर्ता वा सर्वसाधारणबाट स्वपुँजी (इक्विटी), ऋण, वा दुवै प्रकारको रकम संकलन गरेर 'क्राउडफण्डिङ' गर्न सकिन्छ । त्यस्तै, परियोजना कार्यान्वयन गर्ने निकायको प्रत्याभूति लिएर परियोजनाका लागि विशेष ऋण उठाउने, स्वदेशी वा विदेशी लगानीकर्ताबाट दीर्घकालीन पुँजी संकलन गरी लगानी कोष खडा गर्नु पनि वैकल्पिक वित्तको प्रमुख उपाय हुन् ।

विदेशमा रहेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीबाट तोकिएको रकम संकलन गरी विप्रेषण कोष (रेमिट फण्ड) खडा गर्ने कार्य पनि वैकल्पिक वित्तको स्रोत हुन जान्छ । चालु आर्थिक वर्षको बजेटको बुँदा नम्बर २७४ मा'विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सोभरेन फण्ड स्थापना गर्ने र उक्त कोषलाई सार्वजनिक पूर्वाधार लगानीको परिपूरकको रूपमा समेत स्पेसल पर्पस भेहिकलमार्फत् उपयोग गर्ने' उल्लेख छ ।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत लिएर ऋण वा ऋणपत्र जारी गर्न जमानत कोष खडा गर्न सकिने विषयलाई पनि वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुनको मस्यौदामा समेटिएको छ । साथै, कुनै निकाय वा परियोजनाको सम्पत्ति वा कारोबारलाई मौद्रिकरण गरी त्यस्तो निकायले कार्यान्वयन गर्ने परियोजनाका लागि परियोजना कोष खडा गर्ने व्यवस्था विधेयकको मस्यौदामा राखिएको छ । यसबाहेक, अन्य तोकिएका उपाय अपनाई आवश्यक कोष खडा गर्ने प्रावधानहरू पनि वैकल्पिक वित्त स्रोतअन्तर्गत समावेश छन् ।

वैकल्पिक वित्त परिचालनबाट जम्मा भएको रकम रोजगारी प्रवर्द्धन गर्ने, उल्लेख्य आर्थिक प्रतिफल दिने वा कुल ग्राहस्थ उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने परियोजनाको पहिचान, अध्ययन, विकास, निर्माण वा कार्यान्वयनका लागि प्रयोग हुने विधेयकको मस्यौदामा उल्लेख छ । विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुख्खा वन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिने छ ।

त्यस्तै, शहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्गलगायत संरचना निर्माण एवम् सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ । विधेयकको मस्यौदाअनुसार निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारी अन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्ने छ ।

## कर्पोरेट

### नेपाल एसबिआईका सात नयाँ शाखा सञ्चालन



**काठमाडौं (प्रस)** – नेपाल एसबिआई बैंकले शाखा विस्तारको क्रममा देशभर ७ नयाँ शाखाहरू सञ्चालनमा ल्याएको छ । दाङको लमही, कपिलवस्तुको जितपुर, पाल्पाको रामपुर बजार, जनकपुरको पिडारीचोक, उदयपुरको बेल्टार र सुनसरीको दुहबीमा गरी ६ नयाँ शाखाको उद्घाटन बैंकका अध्यक्ष, जयती बन्सलले कर्पोरेट कार्यालय, कमलादी, काठमाण्डौबाट भर्चुअल्ली गर्नुका साथै दुलेगौंडा शाखा, तनहुँको उद्घाटन भौतिक रूपमा गरेका थिए ।

उक्त कार्यक्रममा प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत, दीपक कुमार दे, संचालक, पिनाकी नाथ बनर्जी, स्टेट बैंक अफ इन्डियाका महाप्रबन्धक, रितेश सिन्हा, नायब प्रमूख कार्यकारी अधिकृत तथा प्रमुख वित्तिय अधिकृत, राजेश कुमार पण्डा, प्रमुख संचालन अधिकृत, विकास आनन्द र अन्य वरिष्ठ पदाधिकारीहरू तथा ग्राहकहरूको समेत उपस्थिति रहेको थियो । बैंकले यस नयाँ शाखा सञ्चालनबाट ग्राहक बर्गहरूमा सहज बैंकिङ सुविधा उपलब्ध हुनका साथै स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ । हाल यस बैंकले १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ, ७ प्रादेशिक कार्यालय, कर्पोरेट अफिस, १२२ एटिएमबाट आफ्नो आन्तरिक तथा विश्वव्यापी नेटवर्क मार्फत सेवा प्रदान गर्दै आएको छ ।

### बूढानीलकण्ठमा कुमारी बैंकको उद्यमी प्रशिक्षण कार्यक्रम



**काठमाडौं (प्रस)** – युएसएडसँगको साझेदारीमा 'देशै भरि वर्षै भरि' उद्यमशिलता विकास एवं प्रवर्द्धनका लागि कुमारी बैंकले उद्यमी प्रशिक्षण सम्पन्न गरेको छ । नियमित रूपमा सञ्चालन गर्दै आएको यो अभियान हात्तिगौडा शाखामार्फत काठमाडौंको बूढानीलकण्ठ नगरपालिका, वडा नं. ४ को समन्वयमा कुमारी बैंक लिमिटेडले महिला तथा युवा उद्यमशीलता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको हो ।

उक्त कार्यक्रममा दुई सय भन्दा बढी महिला तथा युवा उद्यमीहरूको सहभागीता रहेको थियो ।प्रमुख आतिथ्यमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेल र बूढानीलकण्ठ नगरपालिका वडा नं ४ का अध्यक्ष श्रीराम के.सी.को उपस्थितीमा आयोजित कार्यक्रममा बूढानीलकण्ठ नगरपालिका वडा नं. ४ मा स्थायी बसोबास गर्दै आएका उद्यमी महिला तथा युवाहरूको लागि एकदिने उद्यमशीलता प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको हो । उक्त प्रशिक्षण कार्यक्रमले वडामा स्थायी बसोबास गर्दै आएका उद्यमी महिला तथा युवाहरूको जीवनस्तर उकास्न तथा व्यवसाय र उद्यमलाई प्राथमिक रूपमा अगाडि बढाउन प्रोत्साहन मिल्ने उदेश्य लिएको वडा नं ४ का अध्यक्ष श्रीराम के.सी.ले बताए ।

वित्तिय ज्ञान, सिप, मनोबृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यवहारिकरूपमा उद्यमशिलता प्रवर्द्धन तथा विकास हुने विश्वास लिएको कुमारी बैंकले यस अभियानमा सर्वसाधारणहरूको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरि वित्तिय उद्यमी प्रशिक्षण, वित्तिय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरूको अभिनय सहितका सन्देशमुलक भिडियोहरू, सचेतनामुलक सन्देशहरू विकास गरि नियमितरूपमा प्रकाशन तथा प्रशारण समेत गरिरहेको छ ।

उद्यमी प्रशिक्षणबाट हरेक स्थानिय निकायमा रहेका उद्यमी सोचहरूको प्रवर्द्धन तथा विकासमा टेवा पुर्याउदै आर्थिकरूपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ । विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरतरूपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१५ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

### इटहरीमा यमाहाको क्षेत्रीय रिजनल सेल्स स्किल्स प्रतियोगिता



**काठमाडौं (प्रस)** – यामाहा नेपालले इटहरीमा आफ्नो रिजनल सेल्स स्किल्स कन्टेस्ट सफलतापूर्वक आयोजना गरेको छ। बिक्री विशेषज्ञता र उत्पादन ज्ञानमा उत्कृष्टताको उत्सव मनाउने क्रममा इटहरीमा आयोजित प्रतिष्पर्धामा यामाहाका विभिन्न डिलरशिपहरूबाट ११ जना शीर्ष प्रदर्शन गर्ने बिक्री परामर्शदाताहरूको सहभागिता रहेको थियो । प्रतियोगिताको लागि योग्य हुन सहभागीहरूले अटो बेसिक, प्रोडक्ट, कम्पिटिसन र सलेस प्रोसेस प्रशिक्षण र त्यसपछि यी क्षेत्रहरूमा उनीहरूको दक्षता मूल्यांकन गर्ने प्रतिस्पर्धात्मक परीक्षण पूरा गरेका थिए । सबैभन्दा कुशल प्रतिनिधिहरूले मात्र भाग लिने सुनिश्चितताका लागि प्रत्येक डिलरशिपबाट उच्चतम स्कोर गर्ने बिक्री सल्लाहकारले मात्र यस प्रतिष्ठित प्रतियोगितामा स्थान पाएका थिए । प्रतियोगितामा चुडामणि आचार्य विजेता बन्दा पहिलो रनर-अप कृतिका घिमिरे बनेकी थिइन् भने मिरा सापकोटा दोस्रो रनर भएकी थिइन् । प्रतियोगितामा मेची कोशीका यामाहा डिलरसिपको उत्साहजनक सहभागिता रहेको थियो। सबै प्रतियोगीहरूले आफ्नो ज्ञान र सीप प्रदर्शन गर्दै शीर्ष उपाधिको लागि प्रयास गरेका थिए। सहभागीहरू मध्ये बिजेता, पहिलो रनर-अप, दोस्रो रनर-अपहरूले अब नेसनल सेल्स स्किल्स कन्टेस्टमा प्रतिस्पर्धा गर्न पाउने जनाइएको छ ।

# सेयर बजारमा उछाल

## ४९ अंकले नेप्से बढ्दा ६ अर्ब बढीको कारोबार




**काठमाडौं (प्रस)**– सेयर बजारमा सोमबार हरियाली छाएको छ । नेपाल स्कट एक्सचेञ्ज (नेप्से) परिसूचक एक दशमलव ८९ प्रतिशत अर्थात् ४९ दशमलव १२ अंकले बढेर दुई हजार छ सय ४० दशमलव ६८ विन्दुमा पुगेको छ ।

विभिन्न तीन सय १२ कम्पनीका एक करोड ५४ लाख ६१ हजार दुई सय ६४ कित्ता सेयर ७५ हजार पाँच सय ४० पटक कारोबार हुँदा रु छ अर्ब ३० करोड ५४ लाख ३१ हजार आठ सय ८५ मा कारोबार भएको नेप्सेले जनाएको छ ।

नेप्सेका अनुसार कारोबारपछि दुई २६ वटा कम्पनीको सेयर मूल्य बढ्दा १२ वटा कम्पनीको सेयर मूल्य ओरालो लागेको छ । साथै, चार वटा कम्पनीको सेयर मूल्य स्थिर छ ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै सुपर मादी हाइड्रोपावर लिमिटेडको सेयर मूल्य नौ दशमलव ७० प्रतिशत, साहास ऊजा लिमिटेडको सेयर मूल्य आठ दशमलव ७० प्रतिशत, माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य आठ दशमलव ५९ प्रतिशतले बढेको नेप्सेले जनाएको छ ।

त्यसैगरी उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

# आलुमा आत्मनिर्भर पूर्वी नवलपुर



**मध्यविन्दु–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा यसवर्ष थप ११ हेक्टर क्षेत्रफलमा आलुखेती विस्तार भएको छ । किसान आलुखेती तर्फ आकर्षित हुँदा गत वर्षभन्दा यसवर्ष जिल्लामा आलुखेती थप ११ हेक्टर क्षेत्रफलमा विस्तार भएको हो । जिल्लामा यस वर्ष तीन हजार दुई सय १६ हेक्टर क्षेत्रफलमा आलुखेती भएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए ।

'गत वर्ष तीन हजार दुई सय पाँच हेक्टरमा आलुखेती भएकोमा यो वर्ष ११ हेक्टर जमिनमा थप विस्तार भएको छ,' उनले भने, 'गतवर्ष जिल्लामा ५८ हजार चार सय १३ मेट्रिक टन आलु उत्पादन भएको थियो ।' जिल्लामा बर्सेनि आलु उत्पादन हुने क्षेत्र र उत्पादन बढ्दै गएपछि आलुमा आत्मनिर्भर बनेको उनले बताए । जिल्लामा व्यावसायिक आलुखेती गर्ने किसानको सफ्या प्रत्येक वर्ष बढेको तथ्यांकमा देखिएको छ । 'आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ,' उनले भने, 'यो वर्ष पनि समय अनुकूल छ, आलु उत्पादन राम्रो हुने अनुमान छ ।'

यस वर्ष जिल्लामा गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको समुदायस्तरमा प्रशोधन आलु प्रवर्द्धन कार्यक्रममार्फत ११ हेक्टर क्षेत्रफलमा खेती विस्तार भएको कृषि ज्ञान केन्द्र नवपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताए । क्षेत्रफलसँगै यस वर्ष आलु उत्पादन बढ्ने प्रारम्भिक अनुमान छ । कृषि ज्ञान केन्द्रसँगै स्थानीय तहले आलुखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेकाले आलुखेती विस्तार हुँदै गएको हो । 'जिल्लामा आलुखेती गर्ने किसानलाई थप प्रोत्साहन गरी उत्पादन बढाउने उद्देश्यले कृषि ज्ञान केन्द्रमार्फत मध्यविन्दु र कावासोती नगरपालिका तथा हुप्सेकोट गाउँपालिकामा समुदायस्तरमा प्रशोधन आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ,' उनले भने, 'कृषि ज्ञान केन्द्रले किसान समूहमा आलुखेती प्रवर्द्धन कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिएको छ ।'

जिल्लाको कावासोती र मध्यविन्दु नगरपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ । सो क्षेत्रमा व्यावसायिक रूपमा आलु उत्पादन गर्ने किसान र कृषि समूहको संख्या उल्लेख्य रहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी काफ्लेले बताए ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को विनयी त्रिवेणी, हुप्सेकोट र बौदीकाली गाउँपालिका, कावासोती,मध्यविन्दु, देवचुली र गैंडाकोट नगरपालिकामा व्यावसायिक आलुखेती गर्ने गरिएको छ । किसानले उत्पादन गरेको आलु स्थानीय बजारका साथै काठमाडौं पनि जाने गरेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ